# नगरसभाको बैठकमा मेलौली नगरपालिकाका उप–प्रमुख

# श्री कुमारी राधा ओझाद्वारा
# प्रस्तुत आगामी आर्थिक वर्ष २०७७/७८ को
# मेलौली नगरपालिकाको वार्षिक
# नीति तथा कार्यक्रम र बजेट

# २०७७

**मितिः २०७७ आषाढ १० गते बुधबार**

**स्थानः सभाहल,**

**मेलौली–१, बैतडी ।**

यस मेलौली नगरपालिकाको
गरीमामय छैठौं नगर सभाका  सभाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
उपस्थित सम्पूर्ण वडाका वडा–अध्यक्ष ज्यूहरु,
कार्यपालिकाका सदस्य ज्यूहरु,
सभाका सम्पूर्ण सभासद ज्यूहरु,
विषयगत शाखाका शाखा प्रमुख ज्यूहरु,
पत्रकार ज्यूहरु,
प्रत्येक वडाका वडा सचिव ज्यूहरु,
लगायत सम्पूर्ण कर्मचारी मित्रहरु एवम्
महिला तथा सज्जनबृन्द !

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, सुदूरपशचिम प्रदेश स्थित बैतडी जिल्लाको यस मेलौली नगरपालिकाको गरिमामय यस छैठौं नगर सभामा यस नगरपालिकाको प्रथम नगर-उपप्रमुखको हैसियतले आ.व.२०७७/०७८ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत प्रस्तुत गर्न पाउँदा साह्रै नै गौरवान्वित महशुस गरेको छु । यस महत्वपूर्ण घडीमा मुलुकमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायत जनाधिकार प्राप्ति एवम् संघीय लोकतान्त्रीक गणतन्त्र स्थापना खातिर आफ्नो अमूल्य जीवन वलिदानी गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहीदहरुप्रति उच्च सम्मान सहित हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै अधिकार प्राप्तिका विभिन्न अन्दोलनका क्रममा हाल सम्म वेपत्ता, घाइते र अपाङ्ग योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।
नेपालको सविधान, स्थानीय सरकार संचालन ऐन २०७४, यस मेलौली नगरपालिकाले निर्माण गरेका ऐन तथा कार्यविधि र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पटक पटक गरेका आदेश एवं परिपत्र तथा नेपाल सरकारले जारी गरेका सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीति र मार्गदर्शन समेतमा भएको व्यवस्था तथा प्रक्रियालाई आत्मसाथ गरी समावेशीकरणको नीति अनुरुप सहभागितामूलक ढंगले यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित भएको महशुस गरेको छु ।


**सभाध्यक्ष महोदय,**
यस गरीमामय सभामा प्रस्तुत बजेट, नीति तथा कार्यक्रमहरुले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरुबाट प्राप्त मार्गदर्शन, सहस्राब्दी र दिगो विकास लक्ष्य, क्षेत्रगत तथा राष्ट्रिय नीतिहरु

एवम योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सुझावहरु, विगत तथा चालु आ.व. का नीति तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धिहरु समेतका आधारमा आगामी आ.व. २०७७/०७८ का लागि यो वार्षिक बजेट, नीति तथा कार्यक्रम तयार पारेको छु । यस वार्षिक बजेट, नीति तथा कार्यक्रमको कार्यान्वयन बाट यस नगरपालिकाका लक्षित उद्देश्यहरु हासिल हुनुका साथै राष्ट्रिय लक्ष्य समेत हासिल गर्न टेवा पुग्ने विश्वास लिएको छु ।

राजश्व परिचालनलाई प्रभावकारी बनाउन र करको दायरालाई फराकिलो पार्न सम्पत्ति करलाई प्रमुख आधारको रुपमा लिदै अन्य करहरुलाई समेत वस्तुगत विश्लेषणका आधारमा समेटदै र परिमार्जन गर्दै लैजाने र कर प्रशासनलाई सूचना प्रविधिमा आधारित बनाई कर नीति लाई करदाता मैत्री बनाउदै लैजाने नीति अवलम्बन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

लामो समय पश्चात् स्थानीय तहमा निर्वाचित भई आउनु भएका जनप्रतिनिधिहरु एवम् स्थानीय सरकारप्रति जनताको बढ्दो आकांक्षा, उपलब्ध श्रोत साधनको सीमितता तथा विश्वव्यापी रुपमा फैलिएको कोरोना (COVID-19) संक्रमणको कारण अर्थ व्यवस्था अस्तव्यस्त भई नराम्ररी थला परेको तथा सामाजिक जनजीवन पनि नराम्ररी प्रभावित भएको व्यहोरा सर्वविधितै छ। त्यसमा पनि हाम्रो नगरपालिका दुर्गम, पिछडिएको र आर्थिक रुपमा कमजोर भएको हुँदा जीविकोपार्जनको लागि रोजागारीको सिलसिलामा हाम्रा दाजुभाई तथा दिदीबहिनीहरु भारतको विभिन्न क्षेत्रमा जान विवश रहेका कुरा अवगत नै छ । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसले सिर्जना गरेको वर्तमान असहज परिस्थितिले रोजगारी गुमाउन पुगेको दाजुभाई तथा दिदीबहिनीहरु आफ्नो आत्म रक्षाका लागि घर फर्कदा वर्तमान अवस्थामा क्वारेन्टाइनको व्यवस्थापनमा पर्न आएको विकराल समस्या, आर्थिक अभाव तथा सिथिलताका बावजुद पनि सम्बन्धित सरोकारवालाहरु सँग विभिन्न चरणमा अन्तरक्रिया गरी उपलब्ध श्रोत र साधनको प्रयोगबाट अधिकतम विकासको प्रतिफल विभिन्न क्षेत्र र वर्गका जनता बीच पुऱ्याउने कोशिस गरिएको छ। जनआकांक्षा र स्थानीय आवश्यकता बिच तालमेल मिलाउन अधिकतम जनसहभागीता कायम गर्दै प्राप्त हुने लाभ र लागतका आधारमा पिछडिएका जातजाती, दलित, उत्पिडित, महिला, बालबालिका, अपाङ्ग, आदिवासी जनजाती तथा विपन्न वर्ग आदिको उत्थानका लागि उहाँहरुको सक्रिय र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै विकासको प्रतिफलमा सामानुपातिक पहुँच हुनेगरी सरकारी, निजी तथा गैर सरकारी क्षेत्रको समन्वयमा चालु आ.व. २०७७/०७८ को बजेट, नीति तथा कार्यक्रम तयार गरिएको छ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## १) स्थानीय तहको संक्षिप्त परिचयः

नेपाल सरकारको मिति २०७३ फागुन २२ गतेको निर्णय अनुसार प्रारम्भमा साविकका मेलौली, महारुद्र, बिशालपुर, दुर्गास्थान (१,२,३,८ र ९ वडाहरु), सलेना, शिवनाथ (६,७, ८ र ९ वडाहरु), रोडिदेवल (४,५,६ र ७ वडाहरु), गा.वि.स.हरु समाबेस गरी मेलौली नगरपालिका घोषणा भएको थियो । यस नगरपालिकाको कूल क्षेत्रफल करिब ११९.४३ वर्ग किलोमिटर रहेको छ । नेपालको संविधान, २०७२ लागू भए संगै स्थानीय तहहरु निर्माण गर्ने क्रममा नेपाल सरकारको मिति २०७३ फागुन २७ गतेको राजपत्रमा प्रकाशित सूचना अनुसार मेलौली नगरपालिकाको क्षेत्र विस्तार गरिएको छ । नेपालको संविधान २०७२ अनुसार सुदूरपश्चिम प्रदेश अन्तर्गत पर्ने यो नगर बैतडी जिल्लाका ४ वटा नगरपालिकाहरु मध्ये चौथो नगरपालिका हो । बैतडी जिल्लाको दक्षिण-पश्चिम भागमा पर्ने यो नगरपालिकाको केन्द्र मेलौली बजार जिल्ला सदरमुकाम बैतडीबाट करिव ३५ किलोमिटर को दुरीमा पर्दछ। नयाँ संरचना अनुसार यस नगरपालिकामा ९ वटा वडाहरु रहेका छन् । वि.सं. २०६८ को जनगणना अनुसार यस नगरपालिकामा ३,९३४ घरपरिवार वसोवास गर्दछन् । नगरपालिकाको कुल जनसंख्या २२,५४५ हेको छ । जसमा पुरुषको संख्या १२,१११ र महिलाको जनसंख्या १०,४३४ रहेको छ ।

**विद्यमान अवस्थाको समीक्षा सबल पक्षः**

१) प्राकृतिक सम्पदाले भरिपूर्ण यस नगरपालिकामा हिमाल, पहाड र तराईको जस्तो तीनै तहको हावा पानी पाइने स्थलहरु अवस्थित छन् ।

२) ग्वाल्लेक धाम, मेलौली भगवतीको मन्दीर, महारुद्र धाम जस्ता कयौँ मठमन्दीर र धार्मिक पिठहरुले यो नगरपालिका भरिएको छ ।

३) ग्वाल्लेक, द्वारसैनी जस्ता उच्च र रमणीय स्थलहरु यस नगरपालिकामा अवस्थित छन्।

४) कृषि, पशुपालन जस्ता क्षेत्रमा विशिष्टिकृत तथा पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना छ ।

५) काष्ठकला सम्बन्धी उद्योग संचालन गर्न सकिने ।

६) नदीजन्य पदार्थ उत्खनन् र विकास निर्माणमा प्रयोग हुने सामाग्रीहरु उत्पादन गर्न उद्योगहरु संचालन गर्न सकिने ।

७) सूर्नया गाडबाट विभिन्न चरणमा जल विधुत उत्पादन गरी उज्यालो नगर कार्यक्रमलाई अगाडी बढाउन सकिने र यस नगरपालिकाको आयस्तर बृद्धि गर्न सकिने ।

८) तीताबै ताल, द्वारसैनी जस्ता स्थानहरुमा होमस्टे संचालन तथा पर्यटकीय सम्भावनाको विकास गरी जनताको आयस्तर बृद्धि गर्न सकिने ।

९) वेमौसमी तरकारी उत्पादनको सम्भावना रहेको ।

१०) व्यवस्थित रुपमा पशुपालन (बाख्रा, कुखुरा, बंगुर, गाई, भैँसी) व्यवसाय सञ्चालन गर्न र दुग्ध तथा मासुजन्य पदार्थको उत्पादन संग्रह तथा वितरण गर्न अनुकुल मौसम रहेको ।

११) श्रम बजारमा सक्रिय जनशक्ति उपलब्धता पर्याप्त मात्रामा रहेको हुँदा यसको समुचित उपयोगबाट नगरमा विकासका क्रियाकलापहरुलाई सारभुत रुपमा अगाडी बढाउन सकिनेछ।

१२) विभिन्न किसिमका फलफूल खेतीहरु अदुवा, अलौची, किवी, सुन्तला, आरु, ओखर, स्याउ, आलुबखडा, एवम् अंगुर जस्ता मौसमी फलफुलको उत्पादनका प्रचुर सम्भावना रहेको ।

१३) खानीजन्य पदार्थहरु उत्खनन् गरी नगरपालिकाको आम्दानीको स्रोत बढाउने सम्भावना रहेको।

१४) मौरी पालन तथा स्थानीय जंगली प्रजातीका अमला लगायतका सयौं जडिबुटीहरुको संरक्षण एवम् व्यवस्थापन गरी विक्रि वितरण गरी मनग्य आम्दानी गर्न सकिने अवस्था रहेको ।

**कमजोर पक्ष ः**

१) आर्थिक विकासका लागि पूर्वाधार सडक, पुल पुलेसा हरु अझै निर्माणाधिन रहेका ।

२) व्यवसायीक फलफूल तथा आधुनिक तरकारी खेतीको अभाव ।

३) आधुनिक व्यावसायीक कृषि प्रणालीको अभाव ।
४) बेरोजगारी समस्या ।
५) वन संरक्षणको अभाव ।
६) बाढीको प्रकोप अत्यधिक रहेको ।
७) बन्यजन्तु बाट जिउधन तथा भौतिक सम्पतीको क्षती निरन्तर भईरहेको ।
८) ठुला उद्योगधन्दा सञ्चालन नहुनु, बजार व्यवस्थापन गर्न नसक्नु र सुलभ रुपमा कृषि सामाग्री उपलब्ध हुन नसक्नु ।
९) आम्दानीको स्रोत कृषि मात्र हुनु र रेमिट्यान्समा भरपर्ने अवस्थाको सिर्जना हुनु ।
१०) विशेषज्ञ स्वास्थ्य सेवाको अभाव रहेको ।
११) गुणस्तरीय शिक्षा तथा उच्च शिक्षाको अभाव ।
१२) विधुतको राष्ट्रिय प्रशारण प्रणालिमा आवद्ध हुन नसकेको ।

**अवसरहरुः**

शिक्षा, स्वास्थ्य, सुरक्षा, स्वच्छ पिउने पानी, कृर्षि पशुपालन, व्यापार व्यवसाय, फलफूल खेतीको प्रभावकारी ढंगले व्यवस्थापन गर्न सके गरिबी निवारण भई जनताको जीवनस्तरमा सुधार हुने देखिन्छ । यस वाहेक यहाँका अवसरहरु यसप्रकार छन् ः

१) कृषि पकेट क्षेत्रको विकास गर्न सकिने,
२) आर्थिक केन्द्रको विकास गर्न सकिने,
३) होमस्टे संचालन र संस्कृतीको संरक्षण गर्न सकिने,
४) प्याराग्लाइडिङ् सञ्चालन गरी पर्यटकहरुलाई आकर्षण गर्न सकिने,
५) काष्ठजन्य उद्योगहरु सञ्चालन गर्न सकिने
६) स्वास्थ्य क्षेत्रमा सुधार गरी नमूना नगरपालिका बनाउन सकिने,
७) कृषिमा आधुनिकीकरण गरी उत्पादनमा बृद्धि गर्दै कृषिजन्य उद्योगहरु स्थापना गर्न सकिने,
८) स्थानीय उत्पादनलाई गुणस्तरीय बनाई प्रचार–प्रसार गरी अन्य बजार क्षेत्रमा समेत पठाउन सकिने,
९) दुग्धजन्य र मासुजन्य व्यवसायहरु संचालन गर्न सकिने ।

**चुनौतिहरु**

१) भरखरै गठन भएको नगरपालिकाको संस्थागत, प्राविधिक र स्थानीय स्रोत परिचालन गरी क्षमताको विकास गर्न ।

२) कर्मचारीको उचित व्यवस्थापन गरी जनताले पाउने सेवा सुविधा सरल र सहज रुपमा प्रदान गर्न ।

३) आयोजनाहरुको कमजोर तयारी, कमजोर व्यवस्थापकिय, वित्तिय र प्राविधिक क्षमता ।

४) कानूनी, नीतिगत र प्रक्रियागत झन्झटलाई कम गर्न ।

५) भ्रष्टचार नियन्त्रण गरी सुशासन कायम गर्न ।

६) घरेलु हिँसा, मदिरा सेवन, वालविवाह, छुवाछुत, छाउपडी प्रथालाई निर्मुल गर्न ।

७) रोजगारी सृर्जना गरी जनशक्तिको विदेश पलायन रोक्न ।

८) सरकारका नीति र जनचाहाना विचको तारतम्य मिलाउन ।

९) बाढी र बन्यजन्तु बाट हुने हानी नोक्सानी कम गरी बन र नदीको अधिकतम उपयोग गर्न ।

१०) कृषि प्रणालीलाई रुपान्तरण गरी व्यवसायिक कृषि तर्फ उन्मुख गराउन ।

## २. चालु आ.व २०७६/०७७ को समिक्षा

यस आ.व. २०७६/०७७ मा प्रथम नगरसभाबाट पारित नीति नियम तथा बजेट कार्यान्वयनको पक्ष मध्यम रहेको छ । **कुल विनियोजित बजेट रु. ५२ करोड ४१ लाख ९३ हजार ९४** मध्ये केही विकास बजेट पूर्ण रुपमा खर्च नहुने अवस्थामा छ । अधिकांश समय नीति नियम निर्माण, सिकाई र व्यवस्थापन कार्यमा खर्चिनु पर्दा जनचाहाना अनुरुप विकास निर्माणका कार्यहरु पुरै सम्पन्न गर्न नसक्ने अवस्था रहेको छ । कर्मचारी व्यवस्थापनको अभावको कारण भनु या विगतमा कार्यालय प्रमखको पटक-पटकको फेरबदल एवम् कर्मचारीको अभावका कारण जनचाहना अनुरुप विकासले गती लिन सकेन तर पनि आर्थिक वर्षको उत्तरार्धमा कार्यालयमा मानव संशाधनको उपलब्धताले विकास निर्माणले गति लिए तापनि समयको पावन्धी एवम् गतिशीलता तथा कोरोनाको प्रभावले सोचे जस्तो सम्पूर्ण आयोजनाहरुले पूर्णता पाउन सक्ने अवस्था रहेन । चालु खर्चमा बृद्धि भए पनि उत्पादन र पुँजीगत खर्चमा उल्लेखनीय बृद्धि हुन सकेन । मध्यावधी बजेटमा केही सुधार गर्ने प्रयासहरु भने नभएका होइनन्, तर पनि अपेक्षित उपलब्धी हासिल हुन सकेन । चालु अनावश्यक खर्चमा ठूलो रकम कटौती गर्न उपभोगजन्य गाडी, क्यान्टिन,

पदाधिकारी र कर्मचारीहरुले पाउनु पर्ने सुविधाहरु समेत कटौती गरी विकासका आयोजनाहरुमा खर्च गर्ने महत्वकाक्षीं निर्णयहरु भए जसका कारण कार्यालयको ईज्जत र जनविश्वास जित्ने प्रयासको सुरुवात भयो । राजश्व प्रणालीमा सुधार गरी करिब ५ करोड ३२ लाख भन्दा बढी रकम यसै अवधिमा फछ्र्यौट गरियो भने विभिन्न ठूला बहुबर्षिय आयोजनाहरु सुरुवात गर्ने कार्य पनि प्रारम्भ गरियो । कर्मचारी व्यवस्थापन तथा विकास सम्बन्धी कार्यहरुले महत्व पायो । योजना कार्यान्वयनमा तारतम्य नमिल्दा विभिन्न प्रक्रिया अघि बढेतापनि बजेटको अन्यौलता कायमै रह्यो । ठूला पूर्वाधारहरु ढिलो शुरु हुँदा निर्माण कार्यले अपेक्षित गती लिन सकेन । तर पनि कर्मचारीहरुको अथक प्रयास, जनप्रतिनिधिहरुको विकासप्रतिको उच्च चासो र चिन्तन, सामयिक निर्णय क्षमता तथा अग्रसरताले विकास योजनाहरुको कार्यान्वयनले केहि हद सम्म मुर्तता पायो । एकताबद्ध निर्णय प्रक्रियाले कार्य वातावरणलाई सरल बनाएको पाइयो । विगतको सिकाइलाई मध्यनजर गर्दै आगामी दिनहरुमा विगतका कमिकमजोरीहरुलाई सुधार गर्दै अघिबढ्दा अपेक्षित उपलब्धी हासिल गर्न सकिने कुरामा विश्वस्त छौं ।

## मेलौली नगरपालिकाको आ.व. २०७७/०७८ को वार्षिक बजेट, नीति तथा कार्यक्रमहरु

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्न गाईरहेको छु । **"समृद्ध मेलौली नगरपालिका निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार"** भन्ने नारालाई साकार पर्न आगामी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तयार गरेको छु ।

### बजेट तथा कार्यक्रमका उद्देश्यहरु

यस आर्थिक वर्षको लागि अनुमानित कूल बजेट **५९ करोड ५२ लाख २३ हजार ४ सय रुपैयाँको प्रारम्भिक** प्रक्षेपण गरेको छु । जुन आ.व. २०७६/०७७ को विनियोजित बजेट **५२ करोड ४१ लाख ९३ हजार ९४ भन्दा करीव ७ करोड १० लाख २९ हजार ३०६** ले बढी हुन आउँछ । यही बजेटको सीमाभित्र रहेर आ.व. २०७७/०७८ को लागि बजेटको निम्न उदेश्यहरु निर्धारण गरेको छु :

१) यस नगरपालिकाका बाजार एवम् ग्रामीण क्षेत्रबिच अन्तर सम्बन्धित आयोजनाहरु कार्यान्वयन गरी ग्रामीण क्षेत्रका वासिन्दाहरुको बजार क्षेत्र तथा केन्द्रसम्मको पहुँच बढाई आयमूलक रोजगारीका अवसरहरु सिर्जना गर्दै गरिवी न्यूनिकरण गरिने छ ।

२) पछाडी पारिएका र लक्षित वर्ग र ग्रामीण वासिन्दाहरुमा सचेतना अभिवृद्धि गर्दै सीपमुलक र आयमुलक कार्यक्रम मार्फत जीवनस्तरमा सुधार ल्याइने छ ।

३) जनसहभागिता तथा लागत सहभागिताका आधारमा भौतिक पूर्वाधार निर्माणका योजनाहरुलाई निरन्तरता दिनेछ।

४) ग्रामीण समुदायमा छरिएर रहेको पूँजीलाई कृषक समुह, महिला समुह, आमा समुह र किशोरी समुह आदि गठन गरी सहकारीताको सिद्धान्त बमोजिम एकिकृत गर्दै उत्पादन, रोजगारी तथा क्षमता विकास कार्यमा लगाईनेछ।

५) सम्पूर्ण सार्वजनिक जग्गा, ताल तलैया, वनजंगल र नदीनाला लगायत सम्पूर्ण सार्वजनिक सम्पतिको संरक्षण गरिनेछ ।

६) ग्रामीण गरिबी उन्मूलनका कार्यक्रमहरु अगाडि बढाइने छ ।

७) सामाजिक स्थितिमा सुधार ल्याउन शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, सौर्यऊर्जा, विद्युत आदि सुविधाहरुको वृद्धि गरिने छ ।

८) ग्रामीण क्षेत्रमा छरिएर रहेको परम्परागत सीप, क्षमता तथा पेसालाई आधुनिकीकरण गरी उनीहरुको जीवनस्तर अभिबृद्धि गरिनेछ ।

९) यसै आ.व.मा वडा कार्यालयहरुका केन्द्रहरुमा आफ्नै भवन निर्माण गरी कार्यालय सञ्चालन गर्ने प्रक्रियालाई निरन्तरता दिइनेछ।

१०) दीगो र निरन्तर विकासलाई ध्यानमा राखि महत्वपूर्ण आयोजनाहरुलाई अगाडी बढाइनेछ । यस्ता आयोजनाहरु निर्माण गर्दा उपभोक्ता समिति र निर्माण कम्पनीबाट काम गर्ने व्यवस्था संगसगैं मिलाइनेछ ।

११) संरक्षरणको पर्खाईमा रहेका न्वाला, कुलो, पोखरी, पाटीपौवा, मठमन्दीर आदिलाई विशेष क्षेत्र तोकी पर्यटन उद्योग सञ्चालन गर्न र आयमूलक श्रोतको रुपमा रुपान्तरण गर्न पहल गरिनेछ ।

१२) सामुदायिक विद्यालयहरुको स्तरोन्नती गर्दै शिक्षालाई पहुँचयोग्य, व्यावसायिक र प्रतिस्पर्धी बनाइनेछ । यसै आर्थिक वर्ष देखी सबै विद्यालयहरुमा अनिवार्य अंग्रेजी विषयको पठनपाठन व्यवस्थित गरीनेछ ।

१३) फोहोरमैला व्यावस्थापन र ल्याण्डफिल साईटको स्थान छनोट र सम्भाव्यता अध्ययनलाई अगाडि बढाइनेछ।

१४) स्वास्थ्य केन्द्रहरुको आवश्यक स्तरोन्नति गर्दै चाहिने उपरकणहरुको सुनिश्चितता गरिनेछ ।

१५) कृषी क्षेत्रको विकासको लागि कृषिका पकेट क्षेत्रहरु निर्धारण गरी व्यावसायिक खेतीलाई प्रोत्साहन दिइनेछ ।

१६) जन सहभागिताका आधारका रुपमा रहेका साना सिचाइ आयोजनाहरुको निर्माण तथा मर्मत संभार गरिनेछ ।
१७) २ (दुई) करोड भन्दा बढी लागत लाग्ने ठुला आयोजनाहरु संचालन गर्दा सम्भान्यताको अध्ययन गरी वातावरणमा कम क्षति हुने गरी वातावरणीय मैत्री आयोजनाहरु संचालन गरिनेछ ।
१८) पूर्वाधार निर्माणमा यसै वर्ष देखि भवन निर्माण आचारसंहिता लागु गरी भुकम्प प्रतिरोधी पूर्वाधार निर्माण प्रक्रिया सुरु गरिने छ । सो सम्बन्धमा आवश्यक पर्ने जनशक्तिलाई तालिमको ब्यवस्था गरिनेछ ।
१९) सम्पति करलाई राजश्व संकलनको मुल आधार मानी यसै आ.व. बाट प्रारम्भ गरिनेछ।
२०) सुशासन प्रवर्द्धन गर्न कर्मचारीहरुलाई पेसागत विकासका विभिन्न तालिमहरु दिइने छ। कार्यालयमा विधुतीय हाजिरीलाई ब्यवस्थित गरिने छ । राजश्व संकलन र विलिङ्ग प्राणालीलाई सफ्टवेयरको माध्यबाट ब्यवस्थित गरिनेछ ।
२१) कृषि विकासलाई प्रभावकारी र गुणस्तरीय बनाउन एक वडा एक कृषि प्राविधिक, एक वडा एक पशु स्वास्थ्य प्राविधिक राखि कृषि तथा पशु पंक्षीहरुको स्वास्थ्यलाई सुधार गरिने नीति लिइनेछ ।
२२) प्रमुख/उप-प्रमुखलाई सहयोग गर्न परामर्श सेवाबाट सल्लाहकार तथा सहयोगीको ब्यवस्थाका लागि कार्यविधि बनाई आवश्यक सेवा खरिद गर्ने नीति लिइनेछ ।
२३) न्यायिक समितिलाई थप प्रभावकारी वनाउने नीति लिइनेछ ।

**क) आर्थिक विकासः**

**अ) कृषिः** कृषि यस नगरपालिकाको समृद्धिको आधार भएकाले यस क्षेत्रमा कृषिको महत्व उल्लेखनिय छ । तसर्थ कृषि उत्पादनमा बृद्धि गरी राष्ट्रिय लक्ष्य प्राप्त गर्न निम्न अनुसारका नीतिहरु अवलम्बन गरिनेछः
१) **"आर्थिक समृद्धिको पहिलो आधार कृषि"** भन्ने मुल नाराका साथ नगरपालिका क्षेत्रको कृषि सम्भान्यता अध्ययन गरी माटो सुहाउँदो कृषि उत्पादन प्रवर्द्धनद्वारा कृषिलाई ब्यावसायिक, आधुनिक तथा प्रविधियुक्त बनाई यसको बजारीकरण गरिनेछ ।
२) **"कृषि पूर्वाधार सुनिश्चित वजार"** भन्ने नारालाई आत्मसात गर्दै ब्यावसायिक कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण गरिने स्थल सम्म कृषि सडक सञ्जाल, सिचाइ आयोजना, कृषि संकलन केन्द्र र बजारीकरणका लागि प्रदेश सरकार र केन्द्र सरकार तथा विकास साझेदार निकायहरुसंग सहकार्य गरिनेछ ।

३) भुगोल र हावापानी अनुकुल हुने कृषि प्रणाली लागु गरिनेछ । कृषि औजार, मल, बीउ विजनको उचित प्रबन्ध र तालिमको व्यवस्था मिलाइनेछ ।

४) अर्गानिक कृषि उत्पादन नीति अवलम्वन गरी कृषि पेशालाई सम्मानित, मार्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गर्न नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार निकायसंगको साझेदारिमा कृषि क्षेत्रको विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

५) तरकारी तथा अन्नबालीको भण्डारण गर्न सबै पक्षको सहभागितामा नगरपालिकास्तरीय शीत भण्डार गृहको निर्माण प्रकृयाका लागि आवश्यक पहल गरिनेछ ।

६) विभिन्न उपभोग्य बस्तुहरुमा आत्मनिर्भर बन्न कृषि उत्पादन पकेट क्षेत्रहरुको निर्धारण गरी कृषि क्षेत्रको विकासको लागि पहल गरिनेछ ।

७) कृषि अनुसन्धान केन्द्रको समन्वयमा कृषिका विविध विषयगत क्षेत्रको अध्ययन गर्ने कार्यलाई थालनी गरिनेछ ।

८) कृषि पूर्वाधारः सडक, सिचाई, भण्डारण र संकलन केन्द्रलाई सुधार तथा विस्तार गर्न पहल गरिनेछ ।

९) कृषि तथा पशु बीमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ।

१०) कृषकहरुलाई आवश्यक पर्ने बीउ उत्पादनलाई बढावा दिन मुल बिउबाट बीउ उत्पादन कार्यक्रममा प्रोत्साहन दिई उन्नत वीउ वितरण र पशुको नस्ल सुधारको अनुदानको व्यवस्था गरिने छ ।

११) प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१२) उच्च मूल्यका कृषि बस्तु उत्पादन र बजार व्यवस्थापनमा विशेष जोड दिइनेछ ।

१३) **"एक गाउँ एक नमुना कृषि उत्पादन ब्लक"** तथा कृषि पकेट क्षेत्र निर्धारण गरी कृषि जन्य वस्तुको निर्यात व्यापारलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । नगरपालिकाको माथिलो भू-भागलाई सुन्तला पकेट क्षेत्र, तल्लो भू-भागलाई उन्नत तरकारी पकेट क्षेत्रको रुपमा विकास गर्न नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदार निकाय संग सहकार्य गर्ने नीति लिइनेछ । तरकारी पकेट क्षेत्रको सम्भाव्यता अध्ययन गरी लागु गरिनेछ।

१४) दुग्ध उत्पादनका लागि विशेष नीति अबलम्वन गरी व्यवसायीक पशुपालन तथा दुग्ध जन्य उद्योगलाई प्रोत्साहित गरिनेछ ।

१५) पशु नस्ल सुधारका लागि कृतिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ । पशु आहारका लागि घाँस खेतीको कार्यक्रम संचालन गरिनेछ । पशु स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था

गरिनेछ । उत्पादित पशुपंछिजन्य उत्पादनको उचित बजारीकरणको प्रबन्ध मिलाईनेछ । कृषक तथा पशु स्वास्थ्य सेवा प्राविधिकहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

१६) नगरपालिका भित्रका पशुपंक्षी फर्म, मासु पसल, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गरिनेछ।

१७) स्वच्छ र स्वस्थ मासु उपभोक्ता सम्म पुऱ्याउन आधुनिक पशु बधशाला निर्माण प्रकृया अगाडि बढाइनेछ।

१८) "**एक गाउँ एक कृषि तथा पशु प्राविधिक**" कार्यक्रमलाई बढावा दिइनेछ ।

१९) कृषि पर्यटन क्षेत्रको अवधारणालाई बढावा दिइनेछ ।

२०) कृषि जैविक विविधता संरक्षणका लागि लोपोन्मुख जातहरुको विस्तार तथा संरक्षण गरिनेछ ।

२१) कृषि उत्पादन बृद्धिका लागि साना सिचाई आयोजनाहरुको निर्माण र मर्मतमा विशेष जोड दिइनेछ ।

२२) अर्गानीक तरकारी खेती, खाद्यन्न वाली र फलफूल उत्पादन कार्यक्रमलाई विशेष जोड दिइनेछ ।

२३) युवाहरुको वढ्दो वैदेशिक पलायनलाई निरुत्साहित गरिनेछ, यसका लागि कृषि क्षेत्रमा आकर्षण बढाउन लगानीमा आधारित अनुदान साझेदारिको ब्यवस्था गर्ने नीति बनाई कार्यान्वयन गरिनेछ ।

२४) छनौट भएका उत्कृष्ट कृषकहरुलाई पुरुस्कृत गर्ने ब्यवस्था गरिनेछ ।

२५) भूगोल र हावापानी सुहाँउदो जातको मौरी पालनलाई ब्यवस्थित गर्न मौरी पालन समुह गठन गरी मौरी पालन ब्यवसायलाई प्रवर्द्धन र विस्तार गरिनेछ । आगामी आ.व.मा मौरीको घार अनुदान कार्यक्रमलाई अगाडी बढाइनेछ।

## २. औद्योगीक नीतिः

यस नगरपालिकामा परम्परागत कुटीर उद्योग बाहेक कुनै पनि उद्योग धन्दा संचालनमा नरहेको र उद्योग क्षेत्रमा न्यून लगानि रहेकाले प्राप्त श्रोत साधानको समुचित प्रयोग गरी राष्ट्रिय औद्योगिक नीति लाई टेवा पुग्ने गरी देहायका नीतिहरु अवलम्बन गरिएको छ ः

१) साना तथा घरेलु उद्योगहरुलाई विकास एवम् विस्तार गर्न विभिन्न किसिमका ब्यावसायिक सीपमूलक तालिमहरुको ब्यवस्था यसै वर्ष देखि सुरु गरिने छ ।

२) मझौला तथा ठुला उद्योगहरुको स्थापना गर्न नेपाल सरकारको औद्योगीक नीति अनुरुप विभिन्न कार्य अघि बढाइनेछ । साना तथा मझौला उद्योग ग्राम स्थापनाका लागि सम्भाब्यता अध्ययन गरी लगानी कर्तालाई प्रोत्साहन गरिनेछ ।

३) यसै वर्षदेखि औद्योगिक ग्रामको स्थापना गरी यस नगरपालिका भित्र औद्योगिक विकासको प्रथम चरणको कार्य सुरुवात गरिनेछ ।

४) नयाँ लधु उद्यमी सिर्जना गर्ने पूर्नताजागी सीप विकास तालिम संचालन गर्ने र प्रगति हस्तातरण गर्ने जस्ता कार्यक्रमहरुमा बजेट व्यवस्थापन गरिनेछ ।

५) परम्परागत उद्योगहरुको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ।

६) कृषि क्षेत्रमा लगानी प्रवर्द्धन गर्न, कृषि र जडिबुटी जन्य उद्योगहरु संचालन गर्न चाहने उद्योगिहरुलाई ५ बर्ष सम्मको व्यावसायिक कर मिनाहा गर्नुका साथै कृषि जन्य उत्पादनमा निकासी कर लगाइने छैन ।

७) उद्योग क्षेत्रमा सबैभन्दा बढि लगानीकर्तालाई पुरुस्कृत तथा सम्मान गर्ने व्यवस्था मिलाईने छ।

८) लघुउद्यम विकास तालिम मार्फत उद्यमिहरु सिर्जना गरी उद्यमशीलतामा आकर्षित गर्ने नीति लिइनेछ ।

९) नगरपालिकास्तरीय औधोगिक नीति बनाई उद्योग वाणिज्य क्षेत्रमा नीजी, सार्वजनिक लगानीलाई आकर्षण गर्नुको साथै संरक्षणको व्यवस्था मिलाईने छ ।

**३. संस्कृति तथा पर्यटन प्रवर्द्धन**

यस नगरपालिका भित्र रहेका रमणीय पर्यटीय स्थलहरु, धार्मिक स्थलहरु, जैविक विविधताले भरिपूर्ण वनजंगलहरु, ऐतिहासिक स्थलहरु, खनिज सम्पदाहरु, भेषभुषा, भाषा तथा संस्कृति, रहन-सहन तथा वातावरणीय विविधता, स्थानीय उत्पादन जस्ता कुराहरुलाई मध्य नजर गर्दै यी सम्पदाहरुको समुचित सदुपयोग, सम्बर्द्धन तथा पवर्द्धन गर्दै निम्न आय भएका अति गरिब र विपन्न परिवारहरुको जीवनस्तर उठाउन निम्न नीतिहरु अवलम्बन गरिनेछः

१) ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक महत्वका सम्पदाहरुको पहिचान, संरक्षण र सम्वर्द्धन गर्ने नीति लिइनेछ ।

२) यस नगरपालिका भित्र रहेका विभिन्न जातजातिहरुको मौलिक संस्कृति, भाषा, भेषभूषा र सभ्यताको संरक्षण तथा सम्वर्द्धनका साथै वाजा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

३) नगरपालिका भित्र रहेका सबै मठमन्दिरहरुलाई व्यवस्थित गरिनेछ । मन्दिरहरुको संरक्षण, मर्मत संभारमा विशेष व्यवस्था गरिनेछ ।

४) ग्वाल्लेक धाम, मेलौली भगवती मन्दीर, महारुद्र धाम, गंगेश्वर मन्दीर, शीवमन्दीर, शीवधाम, केदार मन्दीर, देव गुफा, समैजी धाम, उदैदेव मन्दीर, द्वारसैनी तथा तलको ग्रामीण वस्ती सूर्नयागाड, जैविक विविधताले भरिपूर्ण वनजंगल, एवम् विभिन्न साहसीक यात्रा तथा प्याराग्लाईडिङ, वञ्जीजम्प गर्नका लागि सम्भावित भौगर्भिक स्थानहरुको संरक्षण एवम् पहिचान

गरी विशेष कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ । साथै उक्त स्थानहरुको बारेमा प्रचार-प्रसार गर्ने नीति लिइनेछ ।

५) यसै वर्ष देखि यहाँका सुन्दर वस्तीहरुमा होमस्टे संचालन गरी जनताको आयस्तर बृद्धि गर्ने नीति लिइनेछ ।

६) प्याराग्लाईडिङ्को सम्भाव्यता अध्ययन गरी आधुनिक पर्यटकीय पूर्वाधारहरु विकासको लागि आवश्यक समन्वय गरिनेछ ।

७) यहाँको पर्यटकीय क्षेत्रहरुको प्रचार-प्रसार, होटल लगायतका पर्यटन पूर्वाधारहरुको विकास गरी आन्तरिक र वाह्य पर्यटनहरुलाई पवर्द्धन गरिनेछ ।

**<u>४. वातावरण संरक्षण</u>**

१) प्राकृतिक सम्पदाको संरक्षण गर्दै सार्वजनिक जग्गाहरुमा वन विस्तार गरी सम्पूर्ण क्षेत्रधिकार भित्रका सामुदायिक वनहरुको स्वामित्व ग्रहण गरिनेछ ।

२) धार्मिक तथा पुरातात्विक स्थानहरुको खोज, पहिचान, संरक्षण तथा प्रचार-प्रसारमा पहल गरिनेछ ।

३) बजारका मूख्य सडक लगायतका थप सडकको स्तरोन्नती गर्दै, सडक किनारामा अनिवार्य वृक्षारोपणका कार्यलाई अघि बढाइनेछ ।

४) जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न सरोकारवालाहरुको समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

५) सामुदायिक वन उपभोक्ता समितिहरुलाई विभिन्न जनचेतना जगाउने जस्ता कार्यक्रमहरुमा संलग्न गराइनेछ ।

६) योजना छनोट तथा संचालन गर्दा अपाङ्गमैत्री, बालमैत्रि र बातावरणमैत्रि बनाउने नीति प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

७) उद्योग संचालनका लागि वातावरणीय पक्षलाई ध्यान दिइनेछ र स्थापित उद्योगलाई वातावरणीय पक्षमा सुधारका लागि प्रभावकारी कार्य गर्न प्रोत्साहन गरिनेछ ।

८) **"एक ब्यक्ति एक विरुवा"** भन्ने नीतिलाई वार्षिक कार्यक्रम सञ्चालनका रुपमा ल्याइनेछ ।

९) **"एक गाउँ एक उद्यान"** कार्यक्रम लाई अगाडि बढाइनेछ ।

१०) बाल उद्यान निर्माणमा जोड दिइनेछ ।

११) वैकल्पीक उर्जाको प्रयोगलाई जोड दिइनेछ ।

१२) घरलगायतका पूर्वाधार निमार्णमा **"एक घर दुई विरुवा"** नीतिलाई अबलम्वन गरिनेछ । नक्सा पास प्रक्रियामा समेत त्यसलाई अनिवार्य बनाइनेछ ।

१३) प्राकृतिक मुल संरक्षण तथा नदिनालाको संरक्षणमा विशेष ध्यान दिइनेछ ।

१४) राष्ट्रिय र सामुदायिक वन दुबैलाई एकिकृत वन विकासको माध्यमबाट हराभरा र उपयोगी बनाइनेछ ।

१५) जलचर तथा जलिय जैविक विविधताको संरक्षण र संवद्धन गर्न आवश्यक कानून बनाई व्यवस्थित गरिनेछ ।

१६) **"एक जनप्रतिनिधि एक हरियाली"** नीति अवलम्बन गरिनेछ ।

१७) विकास साझेदारी निकायहरुको लगानि साझेदारितामा **"एक वडा एक वन नर्सरी निर्माण"** गर्ने नीति लिइनेछ। रैथानी विरुवाहरुको संरक्षरणमा विषेश जोड दिइनेछ ।

१८) जनसंख्या वृद्धिकाकारण वढ्दो वनजंगल फडानीलाई रोक्न तथा ऊर्जाको मागलाई व्यवस्थापन गर्न गोवर ग्यास उत्पादनका लागि पहल गरिनेछ ।

१९) वन विकासको लागि विभिन्न किसिमका वेत, बाँस, वकाइनो र लिप्टिस जातका विरुवाहरु समेत ल्याई वृक्षारोपण तथा वन विकास कार्यमा विशेष ध्यान दिइनेछ ।

**५. सहकारी**

यस नगरपालिकालाई सहकारी मैत्री नगरपालिकाको रुपमा विकास गर्न आवश्यक रहेको र गाउँमा छरिएर रहेको पूँजीलाई एकिकृत गरी वेरोजगार महिला तथा युवाहरुलाई रोजगारि सिर्जना गर्दै देशविकासको मुल धारमा ल्याउन आवश्यक रहेकाले देहाय बमोजिका नीतिहरु अवलम्बन गरिएको छ ।

१) **"एक घर एक सहकारी सदस्य"** नीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।

२) सहकारी नीति अर्न्तगत सहकारीका रुपमा कृषि, पशुपालन र पशुजन्य उद्योगहरुलाई प्रोत्साहन गरिनेछ।

३) साना बचत तथा आय-आर्जन, कुटिर उद्योगहरु, कृषिजन्य उद्योगहरुमा सहकारी क्षेत्रको लगानी बढाइनेछ ।

४) यस नगरपालिका भित्र रहेका सहकारीहरुलाई प्रवर्द्धन गर्न लेखा व्यवस्थापन लगायतका तालिमहरु संचालनमा ल्याइनेछ ।

५) सहकारी क्षेत्रको विकासका लागि निरन्तर रुपमा सहकारीहरुको अनुगमन तथा नियन्त्रण गरिनेछ ।

६) सहकारी क्षेत्रमा खुतुर्के वचत, सानो वचत, वाल बचत, दैनिक बचत, वृद्ध वचत, मौसमी वचत तथा महिलाहरुबाट गरिने विभिन्न घरायसी बचत हरुलाई एकिकृत गरी मुल पूँजीको रुपमा

विकास गरी लगानीमा विस्तार गरी आय आर्जनमा टेवा पुग्ने खालका कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

७) सहकारीलाई प्रवर्द्धन र विकास गर्न यस नगरपालिकामा छुट्टै शाखा खोली कर्मचारीहरुलाई व्यवस्थापन गरिनेछ ।

८) युवा मैत्री सहकारी अभियानको खाँचो रहेकाले अधिकांश सहकारी क्षेत्रहरुमा युवाहरुलाई परिचालन गरिनेछ ।

९) सहकारी मार्फत जैविक कृषि पर्यटनको प्रवर्द्धन गरिनेछ ।

१०) सहकारी मार्फत यस नगरपालिकाले आर्थिक समृद्धि प्राप्त गर्न सक्ने सम्भावना रहेकाले साना सहकारीहरुलाई एकिकृत गर्दै पुँजी विस्तार र परिचालनमा जोड दिइनेछ ।

११) नेपाल सरकारले निर्धारण गरेका विभिन्न सहकारी नीति कार्यक्रम तथा आर्थिक सहयोगलाई समुचित रुपमा पालन तथा उपयोग गर्दै लगिनेछ ।

१२) यस क्षेत्रमा ऊर्जा समस्या रहेकाले विधुत सहकारीको माध्यमबाट यसै वर्षदेखि विधुत सहकारी मार्फत विधुत विस्तार तथा वितरण गरिनेछ ।

१३) नगरपालिका भित्रका कृषि तथा पशु समूहहरुलाई सहकारीमा रुपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ ।

१४) हालै गठन भएका देशकै नमुनाको रुपमा रहेको **"दलित बाख्रा पालन समुह"** लाई समेत सहकारीमा आवद्ध गरिनेछ ।

१५) यसै वर्ष सहकारी ऐन समेत ल्याई कार्यान्वयनमा ल्याइनेछ ।

## ख) सामाजिक क्षेत्र

### १. शिक्षा

सबै नेपालीलाई देशभक्त, भविष्यप्रति आशावान, सभ्य, सुसंस्कृत, योग्य, प्रतिस्पर्धी, उद्यमशील, सिर्जनशील, सकारात्मक सोचयुक्त र आत्मविश्वासी नागरिक तयार गर्ने नेपाल सरकारको नीतिलाई आत्मसाथ गर्दै मेलौली नगरपालिकाको शिक्षा नीति तयार गरिएको छ । मेलौली नगरपालिकालाई गुणस्तरीय शिक्षाको केन्द्रको रुपमा विकास गर्न देहाय अनुसारका नीतिहरु अबलम्बन गरिनेछः

१) सामुदायिक विद्यालयलाई गुणस्तरीय शिक्षाको केन्द्रको रुपमा विकास गरी गुणस्तरीय, व्यवहारिक, प्रयोगात्मक र २१औं सताब्दी अनुकूलको शिक्षा पद्दतिको सुनिश्चिचता गरिनेछ।
२) राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा सृजित ज्ञान तथा सीपलाई स्थानीय आवश्यकता अनुरुप परिमार्जित गरी योग्य र सक्षम नागरिक उत्पादन तर्फ शैक्षिक क्रियकलापलाई केन्द्रित गरिनेछ ।
३) शिक्षामा क्रमशः ICT प्रयोगको सुनिश्चिता गरिनेछ । विद्यालयहरुलाई विद्युतीय सञ्चारको नेटवर्कमा जोडी विद्यालयहरु बीच तथा शिक्षा शाखा बीचको अन्तरक्रियालाई सुदृढ गरिनेछ । नगर भित्रका शैक्षिक गतिविधिहरुमा एकरुपता कायम गरिनेछ ।
४) **"वालवालिकालाई विद्यालय ल्याऔं र पढाइमा टिकाऔं"** कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।
५) नगर विद्यालय सुधार कार्यक्रम मार्फत विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय सुधार गरी गुणस्तरीय शिक्षाको प्रत्याभुति गरिने छ । आ.व. २०७७/७८–०८६/८७ लाई सार्वजनिक विद्यालय सवलिकरण दशकको रुपमा मनाइनेछ । **"एक वडा एक नमुना विद्यालय"** कार्यक्रम संचालन गरिनेछ ।
६) उच्चशिक्षालाई थप गुणस्तरीय, व्यवस्थित तथा प्रतिस्पर्धी बनाउन क्याम्पसको क्षमता विकास गरिनेछ । नयाँ क्याम्पस स्थापना गर्न प्रोत्साहन गरिनेछ । क्याम्पस स्थापना गर्दा प्राविधिक कलेजहरुलाई प्राथमिकता दिईनेछ ।
७) विद्यार्थीको चौतर्फी विकासको लागि शैक्षिक कार्यक्रमका साथसाथै अतिरिक्त क्रियाकलापलाई प्रोत्साहन गरिनेछ। **"एक विद्यालय एक खेलकुद शिक्षक"** को क्रमशः व्यवस्थापन गरिनेछ । विद्यालयस्तरीय, अन्तर विद्यालय तथा नगरस्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम प्रवर्द्धन गरिनेछ ।
८) शैक्षिक नेतृत्वको पेशागत तथा नेतृत्व क्षमता विकास गरी विद्यालयको व्यवस्थापकीय चुस्ततालाई सुदृढ गरिनेछ । शैक्षिक नेतृत्वसँग विद्यालय सुधारका अनुवेशणात्मक र रणनीतिक योजना (Operational Plans and Strategic Plans) माग गरी सोको प्रभावकारी कार्यन्वयनको सुनिश्चितता गरिनेछ ।
९) शिक्षकहरुको पेशागत क्षमता विकासको लागि तालिमको व्यवस्थापन गरिनेछ । शिक्षकहरुको उचित मूल्याङ्कन गरी उत्कृष्ठ शिक्षकहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
१०) विद्यार्थीको उपलब्धीलाई शिक्षकको कार्यसम्पादन सँग प्रत्यक्ष आवद्धता गरिनेछ । शैक्षिक उपलब्धी तथा गुणस्तर कमजोर हुने विद्यालयलाई उचित उपचारको व्यवस्था गरिनेछ ।
११) विद्यालयको विस्तृत प्रोफाइल तयार गरिनेछ । प्रोफाइलको आधारमा विद्यालयका सबल र दुर्बल पक्षको सुक्ष्म चिरफार गरी विद्यालयको आवश्यकता परिपूर्तिका लागि उचित रणनीति तयार गरिनेछ ।

१२) शैक्षिक गुणस्तर सुनिश्चितताको लागि आवश्यक भौतिक पूर्वाधारको विकास गरिनेछ । पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाइने नीति लिइनेछ । प्रभावकारी दण्ड र पुरुस्कारको व्यवस्था गरी स्रोत साधनको महत्वम प्रयोगको सुनिश्चितता गरिनेछ ।

१३) निजिक्षेत्रबाट संचालित विद्यालय, सामुदायिक सिकाइ केन्द्रहरुको गुणास्तर अभिबृद्धिका लागि उचित कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । प्रदेश सरकारसँगको समन्वयमा विद्यालय शिक्षा बाहिर रहेका किशोरी, प्रौढ तथा बृद्धाहरुको लागि अनौपचारिक कक्षाहरु संचालन गरिनेछ ।

१४) विद्यार्थी संख्याको आधारमा नगरस्तरीय दरबन्दी सिर्जना गरी वितरण गरिनेछ ।

१५) छनौट गरिएका उत्कृष्ठ खेलाडीलाई पुरुस्कृत गरिनेछ । विभिन्न क्लबहरुको स्थापना गरी खेलकुद विकासलाई प्रोत्साहन गरिनेछ ।

१६) नगर भित्र संचालित विद्यालयहरुलाई शैक्षिक सामग्री तथा खेल सामग्री वितरण गरिनेछ ।

१७) विद्यालयमा लागु औषध, प्राकृतिक प्रकोप, महामारी आदिबारे सचेतना अभियान संचालन गरिनेछ ।

१८) पिछडिएको जातजाती, दलित, आदिवासी जनजाती तथा गरिब समुदायबाट SEE मा सर्बोत्कृष्ट अंक प्राप्त गर्ने छात्रछात्रालाई उच्च शिक्षा अध्ययनका लागि छात्रबृतिको व्यवस्था गरिनेछ ।

१९) विश्वव्यापीकरणबाट सृजित चुनौतीलाई सामना गर्न र वर्तमान समयको माग अनुसारको सक्षम र दक्ष जनशक्ति उत्पादनलाई सुनिश्चित गर्न गुणस्तरीय अंग्रेजी शिक्षालाई प्रवर्द्धन गरिनेछ ।

२०) उत्कृष्ट र नमुना विद्यालयको शैक्षिक तथा प्रशासनिक पक्षको अध्ययन अवलोकन गरी सो मार्ग तर्फ प्रेरित गर्न शाखा तथा विद्यालयको लागि अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

२१) विद्यालयमा पुस्तकालय तथा प्रयोगशालाहरुको स्थापना तथा विकास गर्दै लगिनेछ ।

२२) नगरले प्राविधिक शिक्षामा जोड दिने नीति लिनेछ । नगरभित्र प्राविधिक विद्यालय संचालन तथा तिनीहरुको क्षमता तथा गुणस्तर अभिबृद्धिमा जोड दिइनेछ ।

२३) बालकक्षाका शिक्षकहरुको क्षमता विकास गरी बालकक्षाको गुणस्तर अभिबृद्धि गरिनेछ । छनौट गरिएको बालकक्षा शिक्षकहरुलाई प्रोत्साहको व्यवस्था गरिनेछ ।

२४) शिक्षक नियुक्ति तथा अन्य शैक्षिक परामर्श आदिको लागि शिक्षकको विज्ञसूची प्रकाशन गरिनेछ ।

२५) युवाहरुको लागि सीपमूलक तालिमको व्यवस्था गरी उनीहरुमा उद्धमशिलताको विकास गरिनेछ ।

२६) नगर क्षेत्रमा विज्ञान तथा प्रविधियुक्त शिक्षाको प्रवर्द्धन गर्न तथा विज्ञान शिक्षा प्रति रुची जगाउन नगरस्तरीय विज्ञान प्रदर्शनी आयोजना गरिनेछ । उक्त पर्दशनीमा उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई पुरुस्कृत गरिनेछ ।

२७) विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ । शैक्षिक सुधारको लागि निर्माणात्मक मूल्याङ्कनमा जोड दिइनेछ । विद्यार्थीको हरेक प्रस्तुती अभिभावक समक्ष पुऱ्याउने व्यवस्था गरिनेछ।

२८) नगर शैक्षिक कार्यतालिका निर्माण गरी नगरस्तरीय शैक्षिक कार्यक्रममा एकरुपता ल्याइनेछ ।

२९) नगरस्तरीय शैक्षिक गतिविधिको सुपरिवेक्षण, अवलोकन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ ।

३०) प्राथमिक कक्षाका विद्यार्थीहरुलाई उचित खाजाको व्यवस्थापन गरी पोषणको सुनिश्चितता गरिनेछ ।

३१) प्राथमिक कक्षाका विद्यार्थीलाई लक्षित गरी प्रत्येक विद्यालयमा क्रमशः क्रिडास्थल (**Play Station)** को व्यवस्था गरिनेछ ।

३२) विद्यालयहरुमा पूर्वाधार निर्माण, वाल उद्यान निर्माण तथा जिर्ण भवन तथा संरचनाहरुको मर्मत संभारलाई विशेष ध्यान दिइनेछ ।

३३) तोकिएको भन्दा कम भौगोलिक दुरी भित्र रहेका, विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई एकीकरण गर्ने नीति लिइनेछ ।

३४) नगरको शैक्षिकको क्यालेण्डर निर्माण गरी शैक्षिक गतिविधिहरुमा एक रुपता ल्याइनेछ । शुक्रबारलाई अतिरिक्त क्रियाकलाप दिनको रुपमा प्रयोग गरी सोको रेकर्ड राख्ने र प्रतिलिपि शिक्षा शाखामा पेश गर्ने व्यवस्था मिलाइनेछ ।

## २. स्वास्थ्यः

१) नगरपालिकालाई पूर्ण खोपयुक्त नगरपालिका सुनिश्चित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२) नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गरिनेछ ।

३) स्वास्थ्य क्षेत्रमा स्वास्थ्य स्वयंमसेविकाहरुको योगदानको उच्च मूल्याङ्कन गर्दै महिला स्वास्थ्य स्वयंमसेविका बिऊ पुँजीकोष स्थापना गरिनेछ ।

४) वर्तमान समयमा विश्वव्यापी रुपमा माहामारीको रुपमा फैलिएको कोभिड १९ लगायतका विभिन्न प्रकोपजन्य माहामारी नियन्त्रणका लागि क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

५) धुम्रपान, मध्यपान र लागुपदार्थ दुव्यसनी नियन्त्रणको लागि स्थानीय संघ सस्थाहरु सँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

६) सबै स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीको स्तरवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
७) गाउँघर क्लिनिक र खोप क्लिनिकहरुलाई व्यवस्थित गर्न स्वास्थ्य सेवा विभाग र नगरपालिका विचको साझेदारिलाई निरन्तरता दिइनेछ ।
८) नगरक्षेत्रका महिलाका लागि विशेष मातृ शिशु स्याहार कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरी संस्थागत सुत्केरी (No Home Delivery) गराउने कार्यमा जोड दिइनेछ ।
९) स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउन विपन्न सबै बस्तीहरुमा एम्बुलेन्स सेवा पुग्ने गरी पूर्वाधार निर्माण समेत गरिनेछ ।
१०) कम्तीमा ५० सैया सम्मको अस्पताल स्थापना गर्न पहल गरिनेछ । सो कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न संघ संस्थाको सहयोग समेत लिइनेछ । साथै उक्त अस्पताल निर्माणका लागि आवश्यक पर्ने जग्गा व्यवस्थापन समेत यसै वर्ष गरिनेछ ।
११) जिर्ण भएका स्वास्थ्य केन्द्रहरुको मर्मत सम्भार गरी संचालनमा ल्याइनेछ ।
१२) स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न घुम्ति स्वास्थ्य सेवा शिविर समेत संचालन गरिनेछ ।
१३) कुपोषण भएका बच्चाहरुको पहिचान गरी निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ ।
१४) अति विपन्न र उपचारबाट बञ्चित घर परिवारहरुलाई स्वास्थ्यमा थप सहयोग गर्ने नीति लिइनेछ ।
१५) किशोर किशोरीहरुका लागि प्रजनन स्वास्थ्य तथा यौन शिक्षा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
१६) मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमलाई स्वास्थ्य सेवाको एक महत्वपूर्ण अगंको रुपमा स्थापित गर्ने कार्यक्रमहरु अगाडी बढाइनेछ।
१७) स्वस्थ्य जीवनको कामना गर्दै सबै मेलौली बासीलाई योगको माध्यमबाट स्वस्थ जीवन बिताउन सहयोग गर्न विभिन्न स्थानमा योग शिविर संचालन गरी सहभागी बनाइनेछ ।
१८) स्वास्थ्य क्षेत्रको सुधारका लागि राष्ट्रिय नीति संग नबाझिने गरी छुट्टै नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
१९) **"उपमेयरको कोशेली कार्यक्रम"** लाई निरन्तरता दिईनेछ ।
२०) सबै विद्यालयहरुमा छात्राहरुका लागि निःशुल्क स्यानिटेरी प्याडको व्यवस्था गरिनेछ ।
२१) निःशुल्क औषधि वितरणको लागि आवश्यक बजेटको विनियोजन गरिनेछ ।
२२) **"स्वस्थ जीवनको लागि योग"** भन्ने नाराका साथ विद्यालयहरुमा योगबारे अध्ययन अध्यापन गर्ने कार्यक्रम लागु गरिनेछ ।
२३) परिवार योजनाको आपूर्ति र मागलाई शून्यमा पुऱ्याउने अभियानलाई निरन्तरता दिइनेछ ।
२४) स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

२५) प्रत्येक स्वास्थ्य संस्थामा प्रयोगशाला स्थापना गर्ने कार्यलाई थालनी गरिनेछ ।

२६) स्वास्थ्य संस्था नभएका वार्डहरुमा स्वास्थ्यकर्मी भर्ना गरी स्वास्थ्य सेवा प्रदान गरिनेछ र आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापनाका लागि आवश्यक पहल गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२७) Medic Mobile कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२८) पोषणको अवस्था सुधारका लागि बहुक्षेत्रिय पोषण योजना कार्यक्रमलाई प्रभावकारीका साथ संचालन गर्ने कार्य निरन्तरता दिईने ।

२९) प्राथमिक स्वास्थ्य केन्द्र केशरपुरमा रिक्त रहेको मेडिकल अफिसरको पदपूर्तिको लागि आवश्यक पहल गरिनेछ।

३०) सबै स्वास्थ्य केन्द्रहरुलाई क्षमता अनुसार आईसोलेसन वेड राख्ने गरी तयारी अवस्थामा राख्ने र सोका लागि आवश्यक पर्ने वेड लगायतका उपकरण खरिद गर्ने ।

## ३. खानेपानी तथा सरसफाई

मेलौली नगरपालिकामा खानेपानीको प्रचुर सम्भावना हुँदाहुँदै पनि यहाँका अधिकांश जनता शुद्ध खानेपानीको पहुँचबाट बञ्चित रहेका छन । तसर्थ जनताको घरदैलोमा खानेपानीको पहुँच पुऱ्याई जनसेवा गर्ने अभियानलाई सफलता दिन निम्न नीतिहरु अबलम्बन गरिनेछः

१) खानेपानीको योजना निर्माण गर्दा मूललाई जलस्रोत ऐन अनुसार दर्ता गरिने नीति लिइनेछ ।

२) खानेपानीको योजना निर्माण गर्दा अनिवार्य रुपमा मर्मत सम्भार कोषको स्थापना गर्नुपर्ने नीति ल्याइनेछ ।

३) पानीका मूल, मुहान र स्रोतलाई संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४) स्वच्छ पिउने पानी व्यवस्थापनका लागि **"मुहान देखि मुख सम्म सरसफाई कार्यक्रम"** बनाई कार्यान्वयन गरिनेछ।

५) विभिन्न सामाजिक संस्थाहरुसँग सहकार्य गरी विभिन्न आयोजनाहरुलाई निरन्तरता दिइनेछ ।

६) आधिकांश खानेपानीका आयोजनाहरुलाई लागत सहभागिताको आधारमा निर्माण गर्ने नीति लिइनेछ ।

७) सम्पन्न हुन बाँकी रहेका र सम्पन्न हुन नसकोका आयोजनाहरु सम्पन्न गराउन आवश्यक कदम चालिनेछ।

८) नगर भित्रका पुराना खानेपानी आयोजनाहरुको मर्मत सम्भारलाई विशेष जोड दिइनेछ ।

९) बजार क्षेत्रमा खानेपानीको समस्यालाई न्यूनीकरण गर्न कार्याविधि बनाई ट्याङ्करको माध्यमबाट वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

१०) खानेपानी तथा सरसफाइ योजनाहरुलाई साथसाथै लगिनेछ ।

११) खानेपानीको समस्यालाई समाधान गर्न सम्भाव्यता अध्ययन गरी सबै वडाहरुमा खानेपानी योजना निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।

## ४. फोहोरमैला व्यवस्थापन

१) यस वर्षदेखि नगरपालिका भित्र फोहोर मैला व्यवस्थापन सम्बन्धी आवश्यक व्यवस्था मिलाइनेछ ।

२) फोहोर मैला व्यवस्थापन गर्न डम्पिङ साइडको व्यवस्थापन गरिनेछ ।

३) प्रत्येक घरमा फोहोरमैलाको वर्गिकरण गरी कम्पोष्ट मल बनाउने तालिम संचालन गरिनेछ ।

४) यस नगर क्षेत्रलाई क्रमशः प्लास्टिकमुक्त क्षेत्र बनाउन विशेष कार्यक्रम तर्जुमा गरिनेछ ।

५) सार्वजनिक स्थलहरुमा हात धुने व्यवस्था सहितको सार्वजनिक सौचालयहरुको निर्माण तथा व्यवस्थापन गरिनेछ।

६) विभिन्न कारणले मरेका जिवजन्तुको सिनो व्यवस्थापन गर्न र जनचेतना अभिबृद्धि गर्न विशेष कार्यक्रम संचालन गरिनेछ । साथै पशुपालकहरुले पालेका पशुहरु मरेमा तिनको व्यवस्थापन गर्ने जिम्मा स्वयम् पशुपालककै हुने भएकाले जथाभावी मरेका पशुहरु फालेमा वा दुर्गन्ध फैलाएमा फोहोरमैला ऐन अन्तरगर्त निजहरुलाई कार्वाही समेत गर्ने नीति अवलम्बन गरिनेछ ।

## ५. खेलकुद तथा मनोरञ्जन

यस नगरपालिका भित्र खेलकुद क्षेत्रको विकास गर्न आवश्यक रहेकाले **“खेलकुद र अनुशासन स्वस्थ जीवनको अभियान”** भन्ने उक्तिलाई चरितार्थ गर्दै समग्र खेलकुद क्षेत्रको विकास गर्न आवश्यक भएकाले नेपाल सरकारको राष्ट्रिय खेलकुद विकास नीतिलाई आत्मसाथ गर्दै खेलकुद विकासका लागि निम्न नीतिहरु अवलम्वन गरिएको छः

१) स्वस्थ शारीरिक विकासका लागि खेलकुदलाई एउटा सवल माध्यम बनाई खेलकुदको निरन्तर विकासमा जोड दिइनेछ ।

२) विभिन्न किसिमका खेलकुद सँग सम्बन्धित कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

३) **“राष्ट्रपति रनिङग सिल्ड तथा मेयरकप”** प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

४) सबै तहका विद्यालयहरुमा खेलकुद विकासलाई विशेष जोड दिइ खेलकुदका कार्यक्रमहरु संचालनमा ल्याउनुका साथै खेल सामाग्रीहरु उपलब्ध गराइनेछ ।

५) विद्यालयस्तरीय र वडास्तरीय विभिन्न खेलकुदका क्रियाकलापहरु संचालन गरी खेलकुदलाई प्रतिस्प्रर्धात्मक बनाउनका साथै यसको व्यवसायिकतामा जोड दिइनेछ ।
६) यस नगरपालिकाबाट राष्ट्रिय प्रतिभाहरु उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन र खेलाडीलाई प्रोत्साहान गर्न विशेष सुविधाहरु उपलब्ध गराइनेछ ।
७) राष्ट्रिय तथा अन्तराष्ट्रिय विजेताहरुलाई विशेष सम्मानको कार्यक्रम आयोजना गरिनेछ ।
८) खेलकुदका लागि आवश्यक पूर्वधारहरुको विकासमा जोड दिइनेछ ।
९) खेलकुद सँग सम्बन्धित क्लब तथा सस्थाहरुलाई सुदृढ गरिनेछ ।
१०) स्थानीय यूवा तथा बालक्लवहरु मार्फत खेलकुद सम्बन्धि क्रियाकलाप संचालन गर्ने नीति ल्याइनेछ ।
११) नगरकै गौरवको रुपमा रहेको नगरस्टेडियम निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
१२) विनियोजित रकमबाट यसै वर्षदेखि उपमेयर कप क्रिकेट प्रतियोगिता संचालन गर्ने ।

**६. महिला तथा बालबालिका नीति**

१) लैङ्गिक समता तथा सशक्तिकरणको माध्यमबाट विभेद, पछौटेपन, गरिबी, बेरोजगारी आदिको चपेटामा परेका महिला दिदीबहिनीहरुको जीवनस्तर अभिबृद्धि गरी समाजका हरेक क्षेत्रमा उहाँहरुको समानुपातिक, सक्रिय र अर्थपूर्ण सहभागिता अभिबृद्धि मार्फत आर्थिक तथा सामाजिक स्थिति सुधार गर्नेतर्फ नगरको महिला तथा बालबालिका विकास नीति केन्द्रित हुनेछ ।
२) महिला तथा बालमैत्री नगर स्थापनाका लागि महिला, अपाङ्ग तथा बालअधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
३) महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक, दलित, पिछडिएको वर्गको जीवनस्तरमा सुधार ल्याउन विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
४) नगरका किसोरिहरुको लागि जीवनोपयोगी शिक्षा र आत्म सुरक्षा तलिम संचालन गरिनेछ । नगरभित्र निर्माण गरिने संरचनाहरु लैङ्गिक तथा अपाङ्गमैत्री बनाउन आवश्यक कार्यहरु गरिनेछ ।
५) अपाङ्गता भएका व्यक्तिहरुको आय आर्जन र स्वावलम्बी जीवनयापन गर्न सीपमूलक तालिम संचालन गरिनेछ। यस्तो तालिम संचालन गर्न प्रदेश सरकार तथा सम्बद्ध संस्थाहरुसँग आवश्यक सहकार्य गरिनेछ ।
६) एकल महिलाहरुको आत्मसम्मान बढ्ने आर्थिक विकास तथा स्वावलम्बनको कार्यक्रम संचालनमा ल्याइने छ । एकल महिला लक्षित सीपमूलक तालिमहरु संचालन गरिनेछ ।

७) यस नगरपालिकालाई छुवाछुत, छाउपडी प्रथा एवम् भेदभाव मुक्त बनाउन सचेतना कार्यक्रम संचालन गरिनेछ साथै क्षमता विकासका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

८) बालश्रम र बाल विवाहमुक्त नगरपालिका बनाउन विशेष कार्यक्रम संचालन गरिनेछ ।

९) सामाजिक सुरक्षा अन्तर्गत प्रदान गरिने सामाजिक सुरक्षाको रकम व्यवस्थित र प्रभावकारी वितरणका लागि क्रमशः बैंङ्किङ प्रणालीमा लगिनेछ ।

१०) सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका वर्गलाई योजना छनौट देखि प्रतिफल वितरण सम्मका चरणहरुमा न्यायसंगत तरिकाबाट सहागी गराउन आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

११) अपाङ्गता भएको व्यक्तिहरुलाई सेवाप्रवाहमा विशेष प्राथमिकता दिई सिफारिस लगायतका सेवासुविधाहरु निशुल्क उपलब्ध गराइनेछ ।

१२) समाजमा पिछडिएका विपन्न महिलाहरुको आय-आर्जनमा सुधार ल्याइ उहाँहरुको जीवनस्तर सुधार गर्न विभिन्न सीपमूलक तथा आयमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१३) नगरापलिकाको बजेटलाई लैङ्गिक उत्तरदायी बजेट बनाइनेछ । जेण्डर अडिटको व्यवस्था गरिनेछ ।

१४) नगरपालिका क्षेत्रमा हुने घरेलु हिंसा तथा लैङ्गिक हिंसालाई निरुत्साहित गर्न विशेष कार्यक्रम संचालन गरिनेछ।

१५) **अन्तराष्ट्रिय नारी दिवस तथा तिज** जस्ता महिला विशेष कार्यक्रमहरुलाई सचेतना अभिबृद्धिमूलक कार्यक्रमका रुपमा मनाइनेछ ।

१६) निजामती सेवामा महिलाहरुको पहुँच बढाउन लोकसेवा तयारी कक्षहरु संचालनमा ल्याइनेछ।

१७) महिला सशक्तिकरणका लागि महिला उद्यमसिलता विकास कार्यक्रम संचालन गरिनेछ ।

१८) **महिलाहिंसा विरुद्धको स्नेह दिने अभियान** कार्यक्रमलाई पालिकास्तरमा संचालन गरिनेछ ।

१९) घरेलु हिंसालाई निरुत्साहित गर्दै प्रधानमन्त्री रोजगारी कार्यक्रममा अधिकांश महिलाहरुलाई सहभागी गराईने नीति लिइनेछ ।

२०) बालबालिका र महिलाहरुको हकहित संरक्षणको लागि स्थापित भएका संस्थाहरुसित समन्वय र सहकार्य गर्दै संस्थागत सहयोगको प्रक्रियालाई अगाडी बढाइने छ ।

२१) मानसिक सन्तुलन बिग्रेका बच्चा तथा महिलाहरुलाई संरक्षण गृहसम्म पुर्‍याउन र उक्त अवधिमा निजहरुलाई खानाको समेत आवश्यकयता प्रबन्ध मिलाइनेछ ।

२२) नगरस्तरीय जेष्ठनागरिक संगठन विस्तारका लागि विशेष पहल गरिनेछ ।

२३) जेष्ठ नागरिकहरुलाई प्रोत्साहन गर्न अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस जस्ता कार्यक्रमहरुलाई उहाँहरुको अधिकार प्राप्तितर्फ केन्द्रित गरी मनाउने व्यवस्था गरिनेछ ।

२४) जेष्ठ नागरिकलाई उहाँहरुका हक अधिकारबारे जानकारी गराई उहाँहरुलाई अत्मनिर्भर तथा सम्मानका साथ बाँच्न सक्ने वातावरण सिर्जना गर्न विभिन्न चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ । साथै जेष्ट नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२५) फरक क्षमता भएका व्यक्तिहरुको आत्मसम्मान र उच्च मनोबल कायम राख्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

**७. पूर्वाधार विकास :**

१) नगरपालिकाको आवधिक योजना ग्रामिण यातायात गुरुयोजना, ढलनिकास गुरु योजना, विद्युत सहकारी अवधारणालाई पहिलो प्राथामिकतामा राखि योजना कार्यान्वयनमा ल्याईने छ ।

२) गाउँ, प्रदेश र केन्द्र सरकारको अन्तरसम्बन्धमा आधारित र अधिकतम लागत सहभागितामा संचालित आयोजनाहरुलाई प्राथमिकता दिईने छ ।

३) विशिष्ट प्रकारको प्रविधिको आवश्यता पर्ने जटिल प्रकृतिका ठूला योजना बाहेकका आयोजनाहरु उपभोक्ता समिति मार्फत निर्माण गर्ने नीति लिईने छ ।

४) मेलौली नगरपालिकाको ९ वटै वडामा सामानुमातिक तवरबाट भौतिक निर्माणका क्रियाकलाप संचालन गर्ने नीति लिईने छ ।

५) संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको न्युनतम मापदण्ड तथा मेलौली नगरपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता अनुरुपको वस्ति विकास योजनालाई लागु गरी व्यवस्थित सहरको विकास गरिनेछ ।

६) विकास निर्माणका कार्यहरुमा गुणस्तर कायम गर्न निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाईने छ ।

७) नगरपालिकाको व्यवस्थित ढल निकासको लागि शहरी विकास तथा भवन निर्माण विभागको सहकार्यमा गुरुयोजना तयार गरी सो अनुरुप कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

८) पुराना भवनमा तला थप गर्ने योजनाका लागि प्राविधिक जोखिमको लेखा जोखा गरी इजाजत प्रक्रिया अघि बढाइनेछ ।

९) भौतिक पूर्वाधार निर्माणको गुणस्तर परिक्षण गर्न जिल्ला भित्र रहेका सम्बन्धीत निकायहरु सँग सहकार्य गरी गाउँक्षेत्र भित्र हुने भौतिक पूर्वाधार निर्माण कार्यको गुणस्तर सुनिश्चित गरिनेछ ।

१०) भुकम्प प्रतिरोधी भवन निर्माणको लागि प्रोत्साहन गर्न डकर्मीहरुको प्रमाणपत्रलाई आधार मानेर निर्माण कार्यलाई प्राथमिकता दिइनेछ । नक्सा पास तथा भवन निर्माण प्रक्रियामा तालिम लिएका डकर्मीहरुको प्रमाणपत्र राखेर निर्माण प्रक्रिया अगाडी बढाउने नीति लिईनेछ ।

११) मेलौली नगरपालिकामा भइरहेको क्रमिक जनसंख्या बृद्धि तथा बढ्दो सहरीकरणलाई मध्य नजर गर्दै नगरपालिका क्षेत्रभित्र व्यवस्थित वसोवास गराउने उद्देश्यले एकीकृत जग्गा विकास आयोजनालाई अगाडि बढाइनेछ।

१२) योजना मर्मत सम्भारका लागि छुटै मर्मत सम्भार कोष खडा गरी संचालनमा ल्याइने छ ।

१३) सडक मापदण्ड स्वीकृत गरी कार्यक्रम अघि बढाइनेछ ।

१४) विकासको क्षेत्रमा काम गरि रहेका सामाजिक संस्थाहरु सँग सहकार्य गरिनेछ ।

१५) साना सिचाइँ आयोजनाहरुलाई निर्माण तथा मर्मत सम्भार गर्दै ठूला आयोजनाहरुको लागि सम्बन्धित निकाय बाट सम्बन्धन गर्न संघीय र प्रादेशिक योजनामा समाहित गर्ने प्रक्रिया अगि बढाइनेछ ।

१६) वायो इन्जिनियरिङ्गलाई सबै योजनामा लागु गर्दै अघि लगिनेछ ।

१७) भवन निर्माण मापदण्ड तथा आचार संहितालाई मन्त्रालयले तोके बमोजिमनै यसै आ.व बाट लागु गरिनेछ ।

१८) नक्सा पास र नापीलाई यसै आ.व बाट व्यवस्थित गरिनेछ ।

१९) ठेक्का पट्टाबाट निर्माण गरिने निर्माण समाग्रीको खरिद प्रक्रियालई विद्युतीय खरिद प्रणालीमा **(E-Bidding)** लगिनेछ ।

२०) आ.व. ०७७/०७८ मा यस भन्दा अघिका नगरसभाबाट छनोट भएका र क्रमागत रुपमा राखिएका सडकहरु तथा अन्य योजनाहरुको निर्माण गर्दै जाने र तोकिएका सडक तथा योजनाहरुको प्राविधिक मूल्याङ्कनको आधारमा रकम भुक्तानी दिइनेछ ।

२१) पूर्वाधार निर्माण गर्दा आवश्यक पर्ने सवै किसिमका कुराहरुलाई लागत अनुमानमै समावेश गरी निर्माण प्रक्रिया अघि बढाइनेछ ।

२२) सडक लगायतका पूर्वाधार निर्माण तथा घर निर्माण गर्दा अनिवार्य रुपमा सडक मापदण्डको पालन गर्न लगाईनेछ ।

२३) अटेर गरी नगरपालिकाको नीति नियम विपरित भौतिक संरचना निर्माण गर्नेलाई दण्ड जरिवाना गरिनेछ ।

२४) सरकारी स्वामित्वमा रहेका सबै भौतिक संरचनाहरुको लगत राखि व्यवस्थित गरिनेछ र त्यस्ता संरचनाहरुको मर्मत सम्भार नियमित रुपमा गर्ने व्यवस्था मिलाईनेछ ।

२५) यसै वर्ष देखि नक्सा पास दस्तुर विनियोजन ऐनमा नै ल्याई लागु गरिनेछ ।

२६) निर्माणाधिन आयोजना तथा लामो समयसम्म टिक्ने मेसिनरी औजरहरुको ह्रासकट्टी गरी लगत राख्ने व्यवस्था मिलाइनेछ ।

२७) आयोजनालाई वातावरणमैत्री बनाइनेछ । सम्भव भए सम्मका स्थानहरुमा हरियाली व्यस्थापनलाई विशेष जोड दिईनेछ ।

**८. उर्जा तथा लघु जलबिद्युत :-**

देशविकासको मुल आधारको रुपमाा रहेको विद्युत ऊर्जालाई विस्तार गर्न यस नगरपालिकामा अतिआवश्यक रहेकाले विधुत सहकारीको माध्यमबाट यस क्षेत्रको ऊर्जा विकास गर्न आवश्यक देखिएको छ । ऊर्जाको विकास विस्तार तथा उपभोगलाई सँग सँगै अघि बढाउनको लागि निम्न नीतिहरु अवलम्बन गरिएको छः

१) यस नगरपालिकाका नागरिकलाई सूचनामा सहज रुपमा पहुँच पुऱ्याउन एफ.एम स्थापनाका लागि सम्भाव्यता तथा साझेदारि अध्ययन गरिनेछ ।

२) विद्युत लाइनको विस्तारका लागि सम्वन्धित निकायसँग समन्वय गर्न आवश्यक पहल गरिनुका साथै विधुत लाइन विस्तारमा लगानी समेत गरिनेछ ।

३) सरकारी, निजी र साझेदारी क्षेत्रलाई उर्जा प्रवर्द्धनका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४) सौर्य ऊर्जालाई प्रोत्साहन गर्न गाउँघर उज्यालो कार्यक्रम ल्याइनेछ । गाउँ सहर, चोक र टोलहरुमा सोलार सडक बत्ती विस्तार गरिनेछ ।

५) विपन्न र विद्युत विस्तार नभएका क्षेत्रहरुमा विद्युत विस्तार गर्न आवश्यक पोल र तारको व्यवस्था गरिनेछ ।

६) कम क्षमताका ट्रान्सफर्मरहरुलाई क्रमस हटाउँदै बढी क्षमताका ट्रान्सफमरहरु जडान गरी विधुत आपुर्तीमा सहजता ल्याइनेछ ।

७) **सूनर्यागाड दोस्रो** निर्माणधिन जलविधुत आयोजना यसै वर्ष सम्पन्न गर्ने तथा संचालित आयोजनाको मर्मत सम्भार गरी क्षमता विस्तार गर्ने नीति लिइनेछ ।

८) सोलार वत्ती र वायोग्याँस Plant जडान गरी ऊर्जामा सुधार ल्याइनेछ ।

**९. संचार**

भरपर्दो संचार माध्यम नभएको यस नगरपालिकामा संचार माध्यमलाई व्यवस्थित गराउन देहायका नीतिहरु अवलम्बन गरिनेछः

१) यस नगरपालिका क्षेत्रभित्र landline टेलिफोन सेवा विस्तारका लागि नेपाल दुरसञ्चार प्राधिकरणसँग सहकार्य र सम्वन्य गरिनेछ ।

२) GSM सेवा सहज संचालनका लागि यस वर्ष भित्र आवश्यक स्थानमा टावर निर्माण गर्न लगाइनेछ ।

३) नगर भित्र रहेका कार्यालय तथा वडाहरुलाई संचार सेवा सम्पन्न बनाइनेछ । साथै सवै वडाहरुमा नेटवकिङ्ग सेवा विस्तार गरी राजश्व प्रणालीलाई सूचना प्रविधि प्रणाली सँग आवद्ध गरिने छ ।

४) आफ्नै कार्यालय भवन बनाई हाताभित्र निःशुल्क वाइफाई सेवा संचालनमा ल्याइनेछ ।

५) सबै वडा र स्वास्थ्य केन्द्रहरुमा इन्टरनेट सेवा संचालन गरिनेछ ।

६) विद्यालयहरुमा समेत इन्टरनेट सेवा संचालन गरी शिक्षा क्षेत्रमा सुधार ल्याइनेछ ।

७) स्थानीयस्तरमा छापाखाना तथा अनलाईन पत्रिका संचालनका लागि पहल गरिनेछ ।

८) विधुतीय संचार प्रविधिलाई नीति अनुरुप नियमन/व्यवस्थापन गरिनेछ ।

**<u>१० आर्थिक प्रशासन, राजश्व तथा कर प्रणाली</u>**

१) वित्तिय मितव्ययितालाई यस वर्ष अभियानको रुपमा संचालन गरिनेछ। वित्तिय सुधार खर्च कटौती तथा योजनामा प्रविधिको प्रयोग गरी करिब २ करोड बराबरको घाटा बजेट पूर्ति गर्ने महत्वकांक्षी योजना ल्याइएको छ ।

२). आन्तरिक आयको बृद्धि तथा दिगो विकासका लागि कर प्रशासनलाई व्यवस्थित बनाइनेछ ।

३). करको दायरा फराकिलो बनाउदै करका दरहरुमा समान्य हेरफेर गरिनेछ । अगामी आ.व. २०७७/०७८ देखि व्यवस्थित रुपमा सम्पति कर र भुमि कर लागु गरिनेछ ।

४) लेखा प्रणालीलाई थप व्यवस्थित गर्न प्रोदभावी लेखा प्रणालीको सुरुवात गर्ने कार्यमा आवश्यक तयारी गरिनेछ।

५) व्यवसायिक कर संकलन PPP को अवधारणा अनुसार अगाडि बढाइनेछ ।

६) सम्पति कर भित्र नगरपालिकाका सबै करदाताहरुलाई समेटनका लागि नीति निर्माण तथा करदाता शिक्षा  कार्यक्रम संचालन गरिनेछ ।

७) न.पा. भित्र उच्चतम तथा नियमित कर तिर्ने करदाताहरुलाई सम्मान  गर्ने नीतिलाई अघि बढाइनेछ ।

८) नगरपालिका भित्र भिन्न व्यवसाय गर्ने सबै प्रकृतिका व्यवसायीहरुलाई नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता गर्नुपर्ने प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ ।

९) न.पा. भित्र रहेका नदी नाला तालतलैया को व्यवस्थापन तथा अन्य प्राकृतिक श्रोतको पहिचान गरी आयमुलक आयोजनाको रुपमा लगानि बढाउदै लगिने नीति अवलम्बन गरिनेछ ।

१०) तरकारी हाट बजार व्यबस्थापन कार्यको शुरुवात यसै वषैदेखि गर्ने नीति लिइनेछ ।

११) कर्मचारीको कार्यबोझ तथा जिम्मेवारीको आधारमा थप प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१२) राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन तथा नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिसको आधारमा आयको प्रक्षेपण र कर शुल्कको दररेट निर्धारण गरी कर संकलनको प्रक्रियालाई प्रभाकारी बनाइनेछ ।

१३) पुँजीगत लगानीलाई आयमूलक आयोजनाहरुमा लक्षित गरिनेछ र दिगो आय दिनेखालका आयमूलक आयोजनाहरुलाई बहुवर्षिय आयोजनाको रुपमा संचालन गरिने नीति लिइनेछ ।

१४) करको दायरा भित्र नपरेका र सार्वजनिक तथा सरकारी जग्गामा बसी व्यपार व्यवसाय गर्ने व्यवसायीहरु संग मापदण्ड तोकी बहाल बिटौरी कर लिने नीति लागु गरिनेछ ।

१५) यसै वर्षदेखि पार्किङ शूल्क र सवारी साधनहरुबाट सवारी साधन कर लिने नीलि प्रारम्भ गरिनेछ ।

१६) यसै वर्षदेखि सुरु वजेट वक्तव्य वा प्रस्तुत गर्दा वर्षमा एक पटकका लागि प्रस्तुत कर्तालाई निश्चित रकम रु ५५५५ उपलब्ध गराई नयाँ परिपार्टिको सुरुवात गर्ने नीति लिइनेछ ।

## ११. सुशासन र पारदर्शिता

१) सेवा प्रवाहलाई सहज, सरल र प्रविधिमैत्री बनाउन विद्युतीय सेवा प्रवाहमा जोड दिइने छ, जस अन्तर्गत सफ्टवेयरको प्रयोग, सी.सी. क्यामरा जडान, ई-हाजिरी, मोवाइल एपको प्रयोग, Group एस.एम.एस. सेवा आदि व्यवस्थापन गरिनेछ ।

२) सार्वजनिक जवाफदेहिता, पारदर्शिता र जनउत्तरदायित्व प्रवर्द्धन गर्नका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, हेल्प डेस्क, नागरिक भेला, सामाजिक परीक्षण जस्ता सुशासन संयन्त्रको प्रयोग गरिने छ ।

३) पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक स्रोत व्यवस्था गरी आवश्यकताका आधारमा विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

४) कर्मचारीहरुलाई अतिरिक्त समयमा समेत काममा लागाउन तथा प्रेरित गर्न आर्थिक क्षमताले भ्याएसम्म प्रोत्साहित गर्ने नीति लिइनेछ ।

५) नगरपालिकाका सबै वडा कार्यालयमा ईन्टरनेट सेवा संचालनका लागि आवश्यक व्यवस्था गरी सूचना प्राविधिमैत्री वडाको रुपमा व्यवस्थित गरिनेछ ।

६) गुनासो व्यवस्थापन, सूचनाको हक कार्यान्वयनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

नगरको तथ्याङ्क र अभिलेखलाई व्यवस्थित गरी व्यवस्थित रुपमा सेवा प्रवाह गर्न नगरको समग्र वस्तुस्थिति समेट्ने गरी नगर पार्श्वचित्र तयार गरिनेछ ।

७) वडा कार्यलयबाट हुने घटना दर्ता कार्यलाई अनलाईन मार्फत संचालन गरिदै आएकोमा सोलाई आगामी दिनमा समेत निरन्तरता दिईनेछ ।

८) नगर कार्यपालिकाको कार्यालय, वडा समितिको कार्यालय तथा नगर अर्न्तगत संचालित सम्पूर्ण सेवा केन्द्रहरुको समेत अध्यावधिक नागरिक वडापत्रको ब्यवस्था गरिनेछ ।

९) नगरको समग्र तथ्याङ्क अध्यावधिक गरी तथ्याङ्कको आधारमा आयोजना तर्जुमा र नतिजाको आधारमा अनुगमन तथा मूल्याङ्कन गरी नगरको गतिविधि प्रभावकारी बनाइनेछ ।

१०) सबै नगरवासीहरुलाई छिटो, छरितो, पहुँचयोग्य र प्रभावकारी न्याय प्रणालीको विकासका लागि न्यायीक समितिको क्षमता विकास कार्यक्रम संचालन तथा मेलमिलाप सेवाकेन्द्रको विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

११) मेलौली नगरपालिकाको समग्र विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय सहयोग आकर्षित गर्ने नीति अबलम्बन गरिनेछ ।

१२) नगरको मासिक आम्दानी सार्वजनिक गर्ने नीति अबलम्बन गरिनेछ ।

१३) कर्मचारी प्रशासनलाई ब्यवस्थित गर्न प्रत्येक शाखाको कार्यविवरण तयारगरी कार्यविवरण मुताविक कार्य सम्पादन हुने ब्यवस्था मिलाइने छ । साथै न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्याङ्कनलाई कर्मचारीको का.स.मु.को आधार बनाइनेछ ।

१४) नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन सुशासन ब्यवस्थापन प्रणालीलाई/समितिलाई अझ बढि प्रभावकारी बनाइने छ ।

१५) सेवा प्रवाह सम्बन्धि गुनासो ब्यवस्थापन गर्दै जनधारणा (Public opinion) लिने परिपाटिलाई अझ बढी ब्यवस्थित गरिनेछ ।

१६) प्रत्येक योजनामा सार्वजनिक सुचनापार्टीको ब्यवस्था गरिने र आयोजना संचालनमा अनुगमन समितिको क्रियासिलता बढाइने छ ।

१७) विभिन्न कर तथा दस्तुरहरुलाई कम्प्युरटरबाट नै विलिङ्ग गर्ने नीति लिई कम्प्युटर अभिलेख प्रणालीलाई दुरुस्त गरिने छ ।

१८) सूचना प्रविधिको अधिकतम प्रयोग गरी त्यसलाई शुसासन कायम गर्ने एक माध्यमको रुपमा विकास गरी जनतालाई सरल, सहज एंव पारदर्शी सेवा प्रदान गरिनेछ ।

१९) यसै वर्ष देखि राष्ट्रिय परिचयपत्र वितरणका लागि सेवा केन्द्र स्थापना गरी तोकीएका सबै कार्यहरु प्रारम्भ गरिनेछ ।

**१२. संगठन तथा जनशक्ति विकासः**

१) आगामि आ.व. यस नगरपालिकाको संगठन विकास योजना तयार गरी साविक संगठन विकास योजनाको पुन मूल्याङ्कन गरी सो वमोजिमका शाखा तथा जनशक्तिको व्यवस्थापन गरिनेछ।

२) कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको व्यवस्थापन सार्वजनिक खरिद ऐन तथा करार सेवा निर्देशिकाको आधारमा गरिनेछ ।

३) पटक-पटक सेवा खरिद गर्दा हुने कार्यबोझ र असहजतालाई विचारगरी पुराना सेवा करारमा लिई निरन्तरता पाएकाहरुलाई उनिहरुको योग्यता र आचारणको आधारमा कार्यालयको आवश्यकता र साधन स्रोत तथा क्षमतालाई हेरी निरन्तरता दिने नीति लिइनेछ ।

४) उपलब्ध जनशक्तिको क्षमता विकास गर्दै उत्कृष्ट कर्मचारीहरुलाई कार्यसम्पादनका आधारमा पुरुस्कृत गर्ने परिपाटिको व्यवस्था गरिनेछ ।

५) न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्याङ्कनलाई समेत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइनेछ ।

६) ऐन, नियमको परिधिभित्र रहि कार्य सम्पादन मूल्यांकनको आधारमा कार्यरत कर्मचारीको बढुवा, स्तरबृद्धि, प्रोत्साहन प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७) मौजदा जनशक्तिलाई समयानुकुल सक्षम बनाउन आन्तरिक एवं बाह्य सहयोगका आधारमा तालिम दिने नीतिलाई प्रामिकता दिइनेछ ।

**१३. रोजगार प्रवर्द्धन, गरिवि निवारण तथा आय-आर्जन सम्बन्धी नीति**

यस नगरपालिका भित्र रहेका अति विपन्न, अल्पसंख्यक तथा द्वन्द्वपिडित घर परिवारहरुमा उनीहरुको आयस्तर बढाउन विभिन्न किसिमका क्रियाकलापहरु संचालन गर्न आवश्यक रहेकाले सामाजिक परिचालनको माध्यम बाट समानुपातिक तवरले सबै वडाहरुमा निम्न बमोजिमका क्रियाकलापहरु संचालन गरी समूहलाई संगठित बनाई आयआर्जनमा बृद्धि गर्न र थप रोजगारीको सिर्जना गर्न निम्न क्रियाकलापहरु अघि बढाउने नीति लिईने छ ।

१) भुगोल, श्रोत, साधनको उपलब्धता तथा आवश्यकता समेत मध्यनजर गरी कृषि, पशुपालन तथा मत्स्य व्यवसायका पकेट क्षेत्रहरु नीर्धारण गरिनेछ ।

२) पशुपालनको पकेट क्षेत्रमा बाख्रापाठा, बगुंर तथा उच्च नश्लका बोका र राँगा उपलब्ध गराईनेछ ।

३) दुग्ध व्यवसायहरुलाई हितमा राखी दुध संकलन केन्द्र सम्म पुर्याउन समूहमा दुधका क्यानहरु वितरण गरिनेछ । विशेष गरेर पाँच (५) भन्दा बढी गाई वा भैंसी पाल्ने र दुध उत्पादन गर्ने कृषकहरुलाई निशुल्क क्यान उपलब्ध गराईनेछ ।

४) विशेष गरेर सबै वडाका दलित समुदायहरुमा गठन भई संचालनमा रहेका बाख्रापालन समूहहरु र तिनीहरु द्वारा संचालित सहकारीहरुलाई विशेष प्राथमिकतामा राखी विभिन्न किसिमका तालिम तथा व्यवस्थापनका क्रियाकलापहरु संचालन गरिनेछ भने समूहमा आवद्ध रहेका सबै कृषकहरुले पालेका पशुहरुको निशुल्क औषधी उपचारको व्यवस्था गरिनेछ ।

५) तरकारी पकेट क्षेत्रहरुको निर्धारण गरी तरकारी र फलफुल खेती तर्फ किसानहरुलाई आर्कषित गर्दै सिचाइँ नपुगेका स्थानहरुमा साना सिचाइँ तथा थोपा सिचाइँको व्यवस्था गरिनेछ ।

६) प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई जनताको वास्तविक रोजागर सिर्जना गर्ने माध्यम बनाईनेछ।

७) प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तरगत विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

८) गरिबी निवारण गर्न गरिबीको तथ्याङ्क लिने, परिचयपत्र वितरण गर्ने तथा रोजगार सिर्जना गर्ने जस्ता कार्यक्रमहरु यसै वर्ष देखि प्रारम्भ गरिनेछ ।

९) पशुपालन र कृषिलाई पकेट क्षेत्र तोकी बेरोजगार युवाहरुलाई रोजगार दिन व्यवसायीक पशुपालन तथा व्यवसायीक कृषिमा विशेष जोड दिइनेछ ।

**१४. विविधः**

:

१) प्रचलित ऐन नियममा व्यवस्था भए बमोजिम राजश्व बाँडफाँडको लागि सम्बन्धित निकाय संग समन्वय गरी अघि बढ्ने नीति लिइनेछ ।

२) यस न.पा. क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण र उपभोग गर्ने नीतिलाई निरन्तरता दिदै खुलेका नयाँ तथा पुराना सडकहरुको व्यवस्थित अभिलेख तयारी गरी नक्साकंन गरिनेछ ।

३) धार्मिक, ऐतिहासिक, साँस्कृतिक महत्वका धरोहरहरुको मर्मत, संरक्षण र विकासमा जोड दिने नीतिलाई निरन्तरता दिइनेछ ।

४) न.पा. क्षेत्रभित्र रहेका सम्पूर्ण सरोकारवालाहरु सँगको समन्वयमा न.पा.का कार्यकक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

५) राष्ट्रका विभिन्न नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकासँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरिनेछ ।

६) दातृ निकायहरुलाई मेलौली नगरपालिकाको विकास निर्माणमा सहभागिताको लागि अनुरोध गर्दै स्वस्थ लगानी वातावरण सृजना गरिनेछ ।

७) मेलौली नगरपालिकाभित्र संचालित आयोजनाहरुलाई निरन्तरता दिन साझेदार संस्थाहरुसँग अनुरोध गरी आयोजनाहरु नियमित रुपमा संचालनमा ल्याइनेछ ।

८) नगरपालिका भित्र रहेका नगरपालिका स्तीरय विभिन्न समिति तथा अन्य संगठित संस्थाहरुलाई क्रयाशील बनाइनेछ ।

९) उचित स्थानको जग्गा ब्यवस्थित गर्दै बसपार्क निर्माण र हाट बजार ब्यवस्थापन गर्न आवश्यक प्रक्रिया अगाडि बढाइ अतिक्रमणमा रहेका सार्वजनिक जग्गालाई संरक्षण समेत गरिनेछ।

१०) यस क्षेत्र भित्र काम गर्न चाहने विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई सकभर काममा दोहोरोपन नआउने गरी स्वीकृत दिइनेछ ।

११) जेष्ठ नागरिकलाई मध्यनजर गरी ब्यवस्थित दिवा सेवा संचालन गरिनेछ ।

१२) गै.स.स. हरुलाई जनहितमा कार्यक्रमहरु संचालन गर्न अनुमति दिई सहकार्य समेत गरिनेछ।

१३) सभा सकिएपछि पनि अनुमति लिन आउने सामाजिक संस्थाहरुलाई नगर प्रमुखबाट औचित्य हेरी अनुमति दिन सक्ने गरी ब्यवस्था मिलाइनेछ ।

१४) बाढि पहिरोको जोखिममा रहेका बस्तीहरु स्थानान्तरण गर्ने नीति लिइनेछ ।

१५) नगरपालिकाको कामलाई ब्यावस्थित गर्न आवश्यक परामर्श सेवा खरिद गर्ने नीति लिइनेछ ।

१६) छिटो प्रतिफल दिने खालका आयोजना तथा आर्थिक विकासको क्षेत्रमा सहयोग गर्ने खालका आयोजनाको विकासमा बढवा दिइनेछ ।

**सभाध्यक्ष महोदय,**
**सभाका सभासद ज्यूहरु,**

अब म मेलौली नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अनुमानित आय-व्ययको विवरण प्रस्तुत गर्न चाहान्छु ।

आ.व. २०७७/०७८ मा अनुमानित आय तर्फ रु ५९ करोडड ४२ लाख ७२ हजार ४ सय र वित्तिय तर्फ पनि रु ५९ करोडड ४२ लाख ७२ हजार ४ सय गरी आय र व्ययलाई सन्तुलित गरिएको छ । जसको सारांस निम्नानुसार छ ः

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | बजेट श्रोत | आ.व. २०७७/७८ को अनुमानित तथा प्रस्तावित आय अनुमान रकम रु | रकम रु अक्षरमा | विनियोजन शिर्षक | आ.व. २०७७/०७८ को अनुमानित तथा प्रस्तावित व्यय अनुमान रकम रु | रकम रु अक्षरमा | कैफियत |
| १ | राजश्व बाडँफाँड संघ | ७,४७,८०,२१०।०० | ७ करोड ४७ लाख ८० हजार २ सय १० | चालु खर्च न.पा. | ६,५३,००,००० | ६ करोड ५३ लाख | |
| २ | राजश्व बाडँफाडँ प्रदेश | १६,२०,०००।०० | १६ लाख २० हजार | कार्यक्रम संचालन खर्च | २,०२,००,००० | २ करोड २ लाख | |
| ३ | बित्तिय समानिकरण संघ | ९,३७,००,०००।०० | ९ करोड ३७ लाख | पूँजीगत नगरस्तरीय योजना | ९,८८,५०,००० | ९ करोड ८८ लाख ५० हजार | |
| ४ | वित्तिय समानिकरण प्रदेश | ६८,००,०००।०० | ६८ लाख | वडास्तरीय योजनाहरु | ३,०६,४०,४०० | ३ करोड ६ लाख ४० हजार ४ सय | |
| ५ | आन्तरिक श्रोत | ४५,००,०००।०० | ४५ लाख | वडा संचालन खर्च | २७,००,००० | २७ लाख | |
| ६ | गत आ.व.का. बाकी मौज्दात | २,००,००,०००।०० | २ करोड | विषय गत शाखा तर्फ कार्यक्रमहरु | | | |
| ७ | औधौगिक ग्राम निर्माण | ९२,००,०००।०० | ९२ लाख | सशर्त अनुदान संघ | २३,०५,००,००० | २३ करोड ५ लाख | |
| ८ | शसर्त अनुदान संघ | २३,०५,००,०००।०० | २३ करोड ५ लाख | औधौगिक ग्राम निर्माण | ९२,००,००० | ९२ लाख | |
| ९ | विशेष अनुदान संघ | १,००,००,०००।०० | १ करोड | विशेष अनुदान संघ | १,००,००,००० | १ करोड | |
| १० | विशेष अनुदान प्रदेश | ५८,००,०००।०० | ५८ लाख | विशेष अनुदान प्रदेश | ३४,००,००० | ३४ लाख | |
| ११ | समपूरक अनुदान संघ | २,५०,००,०००।०० | २ करोड ५० लाख | समपूरक अनुदान संघ | २,५०,००,००० | २ करोड ५० लाख | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | समपूरक अनुदान प्रदेश | १,७४,९९,०००।०० | १ करोड ७४ लाख ९९ हजार | समपूरक अनुदान प्रदेश | १,७४,९९,००० | १ करोड ७४ लाख ९९ हजार | |
| १३ | स्थानीय विकास साझेदारी संघ | ४०,००,०००।०० | ४० लाख | स्थानीय विकास साझेदारी संघ | ३०,००,००० | ३० लाख | |
| १४ | स्थानीय विकास साझेदारी प्रदेश | ३०,००,०००।०० | ३० लाख | स्थानीय विकास साझेदारी प्रदेश | ४०,००,००० | ४० लाख | |
| १५ | सामाजिक सुरक्षा | ७,००,००,०००।०० | ७ करोड | सामाजिक सुरक्षा | ७,००,००,००० | ७ करोड | |
| १६ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १४,२४,०००।०० | १४ लाख | बहुक्षेत्रीय पोषण कार्यक्रम | १४,२४,००० | १४ लाख २४ हजार | |
| १७ | फिनल्याण्ड सरकार RVWRMP | २५,५९,०००।०० | २५ लाख ५९ हजार | फिनल्याण्ड सरकार RVWRMP | २५,५९,००० | २५ लाख ५९ हजार | |
| १८ | प्रदेश तथा स्थानीय शासन सहयोग | ४,००,०००।०० | ४ लाख | | | | |
| १९ | सडक बोर्ड नेपाल | ३०,००,०००।०० | ३० लाख | | | | |
| २० | आन्तरिक श्रोत | ४५,००,०००।०० | ४५ लाख | | | | |
| २१ | कन्टलजेन्सी तथा वित्तिय ब्यवस्थापन सुधार (घाटा बजेट) | ५९,९०,१९०।०० | ५९ लाख ९० लाख १९० हजार | | | | |
| **जम्मा** | | ५९,४२,७२,४०० | | **जम्मा** | ५९,४२,७२,४०० | | |

| क्र.सं. | खर्च शिर्षक | कायान्वयन हुने स्थान | आ.व. २०७६/७७ को बजेट | आ.ब. २०७७/७८ बिनियोजन | जम्मा रु |
|---|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | मे.न.पा. | ९१,००,००० | १,७०,००,००० | |
| २ | पारिश्रमिक पदाधिकारी | मे.न.पा. | २०,००,००० | ० | |
| ३ | पोशाक खर्च | मे.न.पा. | ७,००,००० | ७,००,००० | |
| ४ | स्थानीय भत्ता | मे.न.पा. | २०,००,००० | १३,५०,००० | |
| ५ | महंगी भत्ता | मे.न.पा. | ७,५०,००० | ९५,००,००० | |
| ६ | कर्मचारी बैठक भत्ता | मे.न.पा. | ० | ३,००,००० | |
| ७ | कर्मचारी प्रोत्हासन तथा पुरस्कार | मे.न.पा. | ० | २,००,००० | |
| ८ | अन्य भत्ता | मे.न.पा. | २,००,००० | ३,००,००० | |
| ९ | पदाधिकारीको बैठक भत्ता | मे.न.पा. | ० | १५,००,००० | |
| १० | पदाधिकारी अन्य सुविधा दै.भ.भत्ता | मे.न.पा. | ८,००,००० | १५,००,००० | |
| ११ | पानी तथा विजुली | मे.न.पा. | १,५०,००० | २,००,००० | |
| १२ | संचार महसुल | मे.न.पा. | ३,००,००० | ४,००,००० | |
| १३ | संचाल महसुल पदाधिकारी ईन्टरनेट संचार खर्च सहित | मे.न.पा. | ० | १२,००,००० | |
| १४ | ईन्धन पदाधिकारी | मे.न.पा. | ६,५०,००० | ८,००,००० | |
| १५ | ईन्धन कार्यलय प्रयोजन | मे.न.पा. | ७,००,००० | १०,००,००० | |
| १६ | सवारी साधन मर्मत खर्च | मे.न.पा. | ६,६७,००० | ८,००,००० | |
| १७ | बिमा तथा नबिकरण खर्च | मे.न.पा. | ४,००,००० | ४,००,००० | |
| १८ | मेसनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | मे.न.पा. | ५,००,००० | ८,००,००० | |
| १९ | मसलन्द तथा कार्यालय सामग्री | मे.न.पा. | २०,००,००० | २५,००,००० | |
| २० | ईन्धन अन्य प्रयोजन | मे.न.पा. | १,००,००० | १,५०,००० | |
| २१ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | मे.न.पा. | १३,००,००० | १३,००,००० | |
| २२ | सेवा र परामर्श खर्च | मे.न.पा. | ५,००,००० | ५,००,००० | |
| २३ | करार सेवा शुल्क न.पा. | मे.न.पा. | ५०,००,००० | ४०,००,००० | |
| २४ | अन्य शुल्क | मे.न.पा. | ० | १,००,००० | |
| २५ | कर्मचारी तालिम खर्च | मे.न.पा. | १,००,००० | ५,००,००० | |
| २६ | घर भाडा | मे.न.पा. | १२,००,००० | १२,००,००० | |
| २७ | सवारी साधन तथा मेसनरी औजार भाडा | मे.न.पा. | ५,००,००० | ५,००,००० | |
| २८ | अन्य भाडा | मे.न.पा. | ० | १,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | अनुगमन तथा मूल्याङ्कनखर्च कर्मचारी | मे.न.पा. | ८,००,००० | १५,००,००० | |
| ३० | भ्रमण खर्च | मे.न.पा. | ३,००,००० | २,००,००० | |
| ३१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | मे.न.पा. | ३,००,००० | ५,००,००० | |
| ३२ | विविध खर्च | मे.न.पा. | १५,००,००० | १५,००,००० | |
| ३३ | सभा संचालन खर्च | मे.न.पा. | ७,००,००० | ८,००,००० | |
| ३४ | एकल पुरुष सुरक्षा भत्ता | मे.न.पा. | २०,००,००० | २२,००,००० | |
| ३५ | विपद व्यवस्थापन कोष कोभिड सहित | मे.न.पा. | ३१,००,००० | ३०,००,००० | |
| ३६ | आर्थिक सहायता | मे.न.पा. | ० | ५,००,००० | |
| | **जम्मा** | | ३,८३,१७,००० | ६,५३,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | **कार्यक्रम खर्च तर्फ** | मे.न.पा. | | | |
| ३८ | स्वास्थ्य सेवा व्यक्ति करार तथा विविध कार्यक्रम | मे.न.पा. | ५३००००० | ५३,००,००० | |
| ३९ | कृषि तथा पशु शाखा सेवा व्यक्ति करार | मे.न.पा. | १४००००० | १२,००,००० | |
| ४० | कृषि तथा पशु शाखा विविध कार्यक्रम | मे.न.पा. | ४०००००० | ४०,००,००० | |
| ४१ | शिक्षा युवा तथा खेलकुद शाखा सेवा व्यक्ति करार | मे.न.पा. | १०७००००० | ९७,००,००० | |
| ४२ | कार्यक्रम खर्चको जम्मा | मे.न.पा. | ० | २,०२,००,००० | |
| ४३ | नगरस्तरीय योजनाहरु | मे.न.पा. | ० | | |
| ४४ | शिक्षा युवा तथा खेलकुद शाखा विविध कार्यक्रम | मे.न.पा. | १५००००० | १७,००,००० | |
| ४५ | पोषण कार्यक्रम | मे.न.पा. | ० | ९,००,००० | |
| ४६ | न्यायीक समिति तथा इजलास व्यवस्थापन | मे.न.पा. | ३००००० | ५,००,००० | |
| ४७ | मेलौली न.पा.को फोहरमैला व्यवस्थापन | मे.न.पा. | ० | ९,००,००० | |
| ४८ | योजनाहरुको विस्तृत अध्ययन (DPR) | मे.न.पा. | ० | १,०००,००० | |
| ४९ | ग्वाल्लेक मेलौर्लीी खानेपानी मर्मत सम्भार | मे.न.पा. | ० | १,०००,००० | |
| ५० | मेलौली वसपार्कको नाला तथा पर्खाल निर्माण | मे.न.पा. | ० | ३०००००० | |
| ५१ | मेलौली भगवती मन्दीर पुजा कार्यक्रम अनुदान | मे.न.पा. | ० | २,००,००० | |
| ५२ | पर्यटन प्रवर्द्धन तथा संस्कृति संरक्षण कार्यक्रम | मे.न.पा. | ० | १०,००,००० | |
| ५३ | लक्षित कार्यक्रम | मे.न.पा. | २०,००,००० | २५,००,००० | |
| ५४ | शिक्षामा साझेदारी कार्यक्रम | मे.न.पा. | ० | ७००००० | |
| ५५ | बाल विकास केन्द्र सुधार कार्यक्रम | मे.न.पा. | ० | ७,००,००० | |
| ५६ | गाउँघर रक्लिनिक तथा स्वास्थ्य केन्द्र सुधार कार्यक्रम | मे.न.पा. | ० | ५,००,००० | |
| ५७ | मर्मत सम्भार कोष | मे.न.पा. | २०,००,००० | २५,००,००० | |
| ५८ | महिला सुरक्षा गृह संचालन खर्च सहयोग | मे.न.पा. | ० | २,००,००० | |
| ५९ | दारिका देवी प्रतिष्ठान भवन निर्माण क्रमागत | मे.न.पा. | ० | १५,००,००० | |
| ६० | सहकारी लेखा व्यवस्थापन तालिम | मे.न.पा. | ० | १,५०,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६१ | होमस्टे संचालन तथा तालिम | मे.न.पा. | ० | ३,००,००० | |
| ६२ | अवलोकन भ्रमण कर्मचारी | | | ३,००,००० | |
| ६३ | अवलोकन भ्रमण पदाधिकारी | मे.न.पा. | ० | ३,००,००० | |
| ६४ | विज्ञान प्रर्दशनी क्याम्पस तथा विद्यालय | मे.न.पा. | ० | १,५०,००० | |
| ६५ | स्वयम् सेविका विउपुजी कोष | मे.न.पा. | ० | २,००,००० | |
| ६६ | योग शिविर संचालन | मे.न.पा. | ० | १,२५,००० | |
| ६७ | सिनो तथा बेवारिस लास व्यवस्थापन | मे.न.पा. | ० | १,००,००० | |
| ६८ | लैङ्गिक तथा महिला हिंसा विरुद्धको अभियान | मे.न.पा. | ० | १,५०,००० | |
| ६९ | अर्न्तराष्ट्रिय नारी दिवस तथा तिज विशेष कार्यक्रम | मे.न.पा. | ० | १,५०,००० | |
| ७० | लोक सेवा तयारी कक्षा संचालन महिला विशेष | मे.न.पा. | ० | ३,००,००० | |
| ७१ | विद्युत विस्तार मर्मत तथा ट्रान्सफर्मर खरिद | मे.न.पा. | ० | १०,००,००० | |
| ७२ | महारुद्र धाम सोलार व्यवस्थापन | मे.न.पा. | ० | ५,००,००० | |
| ७३ | राजश्व तथा स्प्टवेयर तालिम | मे.न.पा. | ० | २,००,००० | |
| ७४ | युवा स्वरोजगार अर्न्तगत वडा नं. १ मा कागती खेती व्यवसायिक उत्पादनका लागि अनुदान | मे.न.पा. | ० | ५,००,००० | |
| ७५ | तरकारी खेती प्रवर्द्धन | मे.न.पा. | ० | ९,००,००० | |
| ७६ | ब्युटी पालर तालिम | मे.न.पा. | ० | १,५०,००० | |
| ७७ | कपाल काट्ने तालिम | मे.न.पा. | ० | १,२५,००० | |
| ७८ | सिलाई कटाई तालिम महिला | मे.न.पा. | ० | ६,००,००० | |
| ७९ | दक्ष श्रमिक तालिम | मे.न.पा. | ० | ४,००,००० | |
| ८० | हाट बजार व्यवस्थापन तथा सेडो निर्माण बसपार्क | | | १५,००,००० | |
| ८१ | मोटर ग्यारेज निर्माण | | | २५,००,००० | |
| ८२ | कार्यालय व्यवस्थापन | | | ५,००,००० | |
| ८३ | मौरी पालक कृषक तालिम तथा घार अनुदान | | | २,५०,००० | |
| ८४ | समपुरक अनुदान कोष | मे.न.पा. | २,९८३,०,००० | ५,९०,००,००० | |
| ८५ | गत आ.व. २०७६/७७ को भुक्तानी बाँकी | मे.न.पा. | १,७६,००,००० | १,००,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८६ | **नगरस्तरीय योजनाहरुको जम्मा** | | | ९,८८,५०,००० | |
| ८७ | वडा संचालन खर्च | | | | |
| ८८ | १ नं. वडा कार्यलय संचालन खर्च | १ नं. वडा | ३,००,००० | ३,००,००० | |
| ८९ | २ नं. वडा कार्यलय संचालन खर्च | २ नं. वडा | ३,००,००० | ३,००,००० | |
| ९० | ३ नं. वडा कार्यलय संचालन खर्च | ३ नं. वडा | ३,००,००० | ३,००,००० | |
| ९१ | ४ नं. वडा कार्यलय संचालन खर्च | ४ नं. वडा | ३,००,००० | ३,००,००० | |
| ९२ | ५ नं. वडा कार्यलय संचालन खर्च | ५ नं. वडा | ३,००,००० | ३,००,००० | |
| ९३ | ६ नं. वडा कार्यलय संचालन खर्च | ६ नं. वडा | ३,००,००० | ३,००,००० | |
| ९४ | ७ नं. वडा कार्यलय संचालन खर्च | ७ नं. वडा | ३,००,००० | ३,००,००० | |
| ९५ | ८ नं. वडा कार्यलय संचालन खर्च | ८ नं. वडा | ३,००,००० | ३,००,००० | |
| ९६ | ९ नं. वडा कार्यलय संचालन खर्च | ९ नं. वडा | ३,००,००० | ३,००,००० | |
| ९७ | **जम्मा** | | | २७,००,००० | |
| ९८ | **वडास्तरीय योजनाहरु** | | | | |
| ९९ | वडा नं. १ | | ६१,३०,००० | ४२,९१,००० | |
| १०० | वडा नं. २ | | ५६,२७,००० | ३९,३८,९०० | |
| १०१ | वडा नं. ३ | | ४७,५०,००० | ३३,२५,००० | |
| १०२ | वडा नं. ४ | | ४३,८०,००० | ३०,६६,००० | |
| १०३ | वडा नं. ५ | | ४५,००,००० | ३१,५०,००० | |
| १०४ | वडा नं. ६ | | ४३,४५,००० | ३०,४१,५०० | |
| १०५ | वडा नं. ७ | | ५१,९०,००० | ३६,३३,००० | |
| १०६ | वडा नं. ८ | | ४४,४०,००० | ३१,०८,००० | |
| १०७ | वडा नं. ९ | | ४४,१०,००० | ३०,८७,००० | |
| **जम्मा** | | | ४,३७,७२,००० | ३,०६,४०,४०० | |
| **कूल जम्मा** | | | ८,२०,८९,००० | २१,७६,९०,४०० | |

**सभा अध्यक्ष महोदय,**

अन्त्यमा प्रस्तुत वजेट र कार्यक्रम सम्बन्धमा यहाँ पाल्नुभएका अतिथि ज्यूहरुबाट गहन मार्गनिर्दशन एवम रचनात्मक सुझावहरु प्राप्त हुने नै छन् र उक्त गहन मार्ग निर्देशन एवम् रचनात्मक सुझावहरुलाई मनन गरी समग्र नगरपालिकाको विकासलाई यथोचित ढंगले सम्बोधन हुने गरी बस्तुनिष्ट बजेट तथा कार्यक्रम पारित गर्नमा सहयोग प्राप्त हुने विश्वास लिइएका छु । नगरपालिकाको समग्र विकाश अभियानमा सदैव संवेदनशिल भै सहयोग गर्नुहुने सबै राजनितिकदल, सबै सरकारी कार्यालयहरु, सबै गैरसरकारी संघ संस्थाहरु, नागरिक समाज, बुद्धिजिवि, पत्रकार लागएतका विभिन्न सामाजिक संघ संस्थाहरु र आदरणीय नगरबासिहरुमा हार्दिक आभार ब्यक्त गर्दछु । यो कार्यक्रम र बजेट कार्यान्वयनका लागि यहाँहरुबाट सदा झैं निरन्तर सहयोग प्राप्त हुनेछ भन्ने अपेच्छा राख्दछु र प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा अहोरात्र खटिइ परिषदको जिम्मवारी पुरा गर्नुहुने सबै कर्मचारी साथीहरुमा समेत आभार एवम धन्यवाद ब्यक्त गर्दछु।

कुमारी राधा ओझा
उप-मेयर
मेलौली नगरपालिका